# प्रभाव दैनिक
National Daily

प्रतिनिधिसभा सदस्य निर्वाचन
२१ फागुन
४ दिन बाँकी

वर्ष १२ | अंक ३०१ | काठमाडौं | आइतबार, १७ फागुन २०८२ | Prabhab National Daily | Sunday, 01 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## अन्तिम चरणमा निर्वाचनको तयारी



**यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मनाङको नार्पाभूमि गाउँपालिका फू गाउँमा लैजान जिल्ला निर्वाचन कार्यालय मनाङबाट मतपेटिकासहितका सामग्री बुझ्दै कर्मचारी ।** *तस्बिर: रासस*



दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन् । आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ ।

**नारायणप्रसाद भट्टराई**
प्रवक्ता, निर्वाचन आयोग

**प्रभाव संवाददाता**

**काठमाडौं–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनका लागि मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सबै जिल्लामा पुऱ्याइसकिएको छ ।

पहाडी र हिमाली जिल्लाका मतदान केन्द्रमा खटिइने मतदान अधिकृतले आवश्यक निर्वाचन सामग्री बुझेर कार्यक्षेत्रतर्फ लागि सकेका छन् भने तराई-मधेस र सहरी जिल्लामा भने मतदान अधिकृतको अनुशिक्षण भइरहेको छ । 'दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन्,' निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ ।' आयोगका तर्फबाट जिल्लामा सम्पादन हुने काममा सहजीकरण भइरहेको जनाउँदै उनले शनिबार पनि अधिकांश जिल्लामा मतदान अधिकृतका लागि तालिम सञ्चालन भएका बताए ।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायत भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन संघीय सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको पनि उनले बताए । निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको छ ।

### ६५ राजनीतिक दल चुनावी प्रतिस्पर्धामा

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दै छन् ।

क्रमशः पृष्ठ २ मा

## यी हुन् पास आवश्यक नपर्ने सवारीसाधन

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले निर्वाचनको दिन सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सरकारसँग अनुरोध गरेको छ । आयोगले शनिबार विज्ञप्ति जारी गर्दै आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानको दिन (फागुन २१ गते) सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन

क्रमशः पृष्ठ २ मा

**इरानमा अमेरिका र इजरायलको आक्रमण**

# मध्यपूर्वमा चर्कियो युद्ध नेपालीहरूको सुरक्षा चिन्ता

- इरानमा अमेरिका र इजरायली सैन्य आक्रमण
- इरानी रक्षामन्त्री र आइआरजिसीका प्रमुख मारिएको दाबी
- इरानको एक विद्यालयमा इजरायली आक्रमणबाट ८५ जनाको मृत्यु
- इरानको तेहरानसहित देशका विभिन्न स्थानमा व्यापक आक्रमण
- आक्रमणको निशानामा सर्वोच्च नेता खामेनी
- इरान परमाणु कार्यक्रम त्याग्न तयार नभएपछि ठूलो आक्रमण गरेको अमेरिकी राष्ट्रपतिको दाबी
- इरानद्वारा प्रत्याक्रमण जारी, मध्यपूर्वका अमेरिकी एयर बेससँगै इजरायलमा इरानको प्रत्याक्रमण
- इरानमाथिको आक्रमणविरूद्ध उभियो रूस




**जेबी योञ्जन**

**काठमाडौं–** मध्यपूर्वमा लामो समयदेखि चुलिँदै आएको तनाव शनिबारदेखि युद्धमा परिणत भएको छ । अमेरिका र इजरायलले इरानी सर्वोच्च नेता आयोतोल्लाह अलि खामेनी, राष्ट्रपति कार्यालयसँगै विभिन्न सैन्य तथा रणनीतिक अखडामात्रै नभएर आवासीय क्षेत्र र विद्यालयमासमेत आक्रमण गरेका छन् ।

इजरायली सैन्य हमलामा इरानका रक्षामन्त्री अमिर नासिरजादेह र इस्लामिक रिभोल्युसनरी गार्ड्स कर्प्स (आइआरजिसी)का कमाण्डर मोहम्मद पाकपोर मारिएको अन्तर्राष्ट्रिय सञ्चार संस्था रोयटर्सले दाबी गरे छ । यद्यपि, यो समाचार तयार पार्दासम्म यसको आधिकारिक पुष्टि भने भएको छैन ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियान र सेनाका प्रमुख मेजर जनरल अमिर हतामी मारिएको दाबी पनि केही अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले गरेका छन् । तर, इरानको राज्य सञ्चालित मिडियाले उक्त दाबीलाई खारेज गरेको छ । इरानका राष्ट्रपति मसुदका कार्यकारी उपप्रमुख मोहम्मद जाफर केम्पानियाहले एक्समार्फत राष्ट्रपति सुरक्षित रहेको बताएका छन् । इरानका राष्ट्रपतिका छोरा युसुफ पेजेस्कियाले पनि टेलिग्राममा लेखेका छन्, 'यसपटक हत्या प्रयास असफल भयो ।'

इरानी सेनाले आफ्नो कमाण्डर मेजर जनरल हतामीको मृत्यु भएको खबर अस्वीकार गरेको छ । फार्स समाचार एजेन्सीले संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफ र सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद् (एसएनएससी) का प्रमुख अली लारिजानीलाई केही नभएको रिपोर्ट गरेको छ ।

क्रमशः पृष्ठ २ मा

### परराष्ट्रको 'एडभाइजरी'
## सावधानीका उपाय अपनाउनू

नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा विकसित भइरहेको पछिल्लो अवस्थालाई नजिकबाट अनुगमन गरिरहेको उल्लेख गर्दै इजरायल र इरानमा रहेका नेपाली नागरिकलाई सावधानीका उपाय अपनाउन अनुरोध गरेको छ ।

परराष्ट्र मन्त्रालयले शनिबार 'एडभाइजरी' जारी गर्दै इजरायल र इरानका सम्बन्धित निकायहरूले जारी गरेका सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## नेपालीहरूको सुरक्षा चिन्ता
### सतर्कता अपनाउन दूतावासहरूको आग्रह

मध्यपूर्वमा युद्ध चर्किएसँगै नेपालीहरूको सुरक्षा चिन्ता बढाएको छ । लाखौं संख्यामा नेपालीहरू कार्यरत खाडीका राष्ट्रहरूमा इरानले लगातार मिसाइल आक्रमण गरेपछि सुरक्षा चुनौती बढेको हो । यसलाई ध्यानमा राख्दै कतार, कुवेत, युएई, साउदी र बहराइनमा रहेका नेपाली राजदूतावासले सूचना जारी गर्दै विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् ।

कतारस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै त्यहाँस्थित नेपालीहरूलाई शान्तपूर्वक रहन र कतारी अधिकारीहरूले जारी गरेका सुरक्षा सल्लाह र निर्देशनहरूको कडाइका साथ पालना गर्न अनुरोध गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# इपिएससम्बन्धी समझदारी शीघ्र नवीकरण गर्न कोरिया तयार

- भाषा परीक्षा र सीप परीक्षणमा उत्तीर्ण भएर पनि इपिएसमार्फत कोरिया जान नपाएकाहरूले उठाएका मागको सम्बन्धमा पनि छलफल
- उक्त विषयमा आफूहरु जानकार रहेको कोरियाली उपमन्त्री पिल हुन् सन्को प्रतिक्रिया
- इपिएसअन्तर्गत दक्षिण कोरिया सरकारले नेपाललाई उपलब्ध गराउँदै आएको कोटामा वृद्धि गर्न नेपालीपक्षको माग
- नेपाली श्रमिकहरूको कोरिया पुनः प्रवेश प्रणालीमा सुधार र नेपाली श्रमिकका लागि रोजगारीका क्षेत्रहरूको विस्तार गर्न आग्रह
- नेपालीपक्षबाट प्रस्तुत विषयहरूमा कोरियालीपक्ष सकरात्मक रहेको जानकारी




**प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले नेपालसँग भएको रोजगार अनुमति प्रणाली (इपिएस) सम्बन्धी द्विपक्षीय समझदारी शीघ्र नवीकरण गर्न तयार जानकारी दिएको छ । नेपाल सरकारको प्रतिनिधिमण्डलसँग शुक्रबार सिओलमा भएको बैठकमा कोरियाको रोजगार तथा श्रम मन्त्रालयका उपमन्त्री पिल हुन् सन्ले उक्त कुरा बताएका हुन् ।

उनले कोरियाको विकासमा नेपाली श्रमिकको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै कोरियामा कार्यरत नेपाली श्रमिकहरूको समग्र सुरक्षा प्रत्यभूतिमा कोरिया सरकार प्रतिबद्ध रहेको बताएको बैठकपछि सिओलस्थित नेपाली दूतावासले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको हो । 'कोरियाको रोजगार तथा श्रम मन्त्रालयका उपमन्त्री पिल हुन् सन्ले बैठकमा नेपालीपक्षबाट प्रस्तुत भएका विषयहरूप्रति कोरिया सरकार सकारात्मक रहेको कुरा व्यक्त गर्नुका साथै रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारीको शीघ्र नवीकरण गर्न आफूहरू तयार रहेको बताउनुभएको छ,' विज्ञप्तिमा उल्लेख छ ।

बैठकमा नेपालमा भाषा परीक्षा र सीप परीक्षणमा उत्तीर्ण भएर पनि इपिएसमार्फत कोरिया जान नपाएकाहरूले उठाएका मागको सम्बन्धमा पनि छलफल भएको थियो । जसमा कोरियाली उपमन्त्री सन्ले आफूहरू जानकार रहेको बताएको उल्लेख गरिएको छ । यद्यपि, पीडितहरूले उठाएको माग सम्बोधन गर्नेबारे के बताए भन्ने दूतावासले खुलाएको छैन । 'कोरियामा रोजगार व्यवस्थापन सम्बन्धमा पछिल्लो समय नेपालमा विकसित घटनाक्रमको बारेमा आफूहरू जानकार रहेको र सो सम्बन्धमा नेपाल सरकारले खेलेको सकारात्मक भूमिकाप्रति धन्यवाद व्यक्त गर्नुभयो,' विज्ञप्तिमा भनिएको छ ।

भाषा परीक्षा उत्तीर्ण भएर पनि कोरिया जान नपाएकाहरूले काठमाडौंस्थित इपिएस कार्यालय र एचआरडी कार्यालयमा निरन्तर आन्दोलन गरेका थिए । त्यसपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उनीहरूसँग वार्ता गरी कोरियासँग यस विषयमा कुरा गर्ने सहमति गरेर आन्दोलन रोक्न लगाएको थियो । सोही विषयमा छलफल गर्न भनी मन्त्रालयले मन्त्रालयका सचिव डा. दीपक काफ्ले नेतृत्वको चार सदस्यीय प्रतिनिधिमण्डल कोरियामा पठाएको हो ।

नेपाली प्रतिनिधिमण्डल र दक्षिण कोरियाको रोजगार तथा श्रम मन्त्रालयका उपमन्त्री सन् नेतृत्वको पाँच सदस्यीय प्रतिनिधिमण्डलबीच जुंग, सिओलमा शुक्रबार बैठक सम्पन्न भएको थियो ।

क्रमशः पृष्ठ ५ मा

# मध्यपूर्वको तनावप्रति विश्वसमुदायको चासो

- संयमता अपनाउन र सबै पक्षलाई वार्तामा फर्कन राष्ट्रसंघका मानवअधिकार प्रमुखको आग्रह
- रूसद्वारा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको आलोचना
- 'सैन्य कारबाही तत्काल रोक्न' चीनको आग्रह
- कतार, युएई, साउदी, बहराइनलगायत खाडी राष्ट्रहरूद्वारा इरानको आक्रमणप्रति आक्रोश व्यक्त



**पेरिस–** संयुक्त राज्य अमेरिका र इजरायलले शनिबार इरानमाथि आक्रमण गरेपछि विश्वभरका देशहरूले मध्यपूर्वमा तनाव बढ्ने चिन्त व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले अमेरिका-इजरायल आक्रमण र इरानको प्रतिक्रियाको निन्दा गरेका छन् । उनले थप आक्रमणले 'मृत्यु, विनाश र मानवीय दुःख' मात्र निम्त्याउने चेतावनी दिँदै संयम अपनाउन सम्बन्धित पक्षसँग आग्रह गरेका छन् ।

'शनिबार बिहान इरानमा इजरायल र अमेरिकाले गरेको सैन्य आक्रमण र त्यसपछि इरानले गरेको जवाफी आक्रमणप्रति म खेद व्यक्त गर्दछु । कुनै पनि सशस्त्र द्वन्द्वको अन्तिम मूल्य सधैं सर्वसाधारणले नै चुकाउनुपर्छ,' टर्कले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

उनले सबै पक्षलाई वार्तामा फर्कन आग्रह गरेका छन् । उनीहरूले केही घण्टा अघिमात्र सक्रिय रूपमा समाधान खोजिरहेको स्मरण गर्दै टर्कले भने, 'नागरिकहरूका लागि यी भयानक परिणामहरू रोक्नका लागि, म संयम अपनाउन, सबै पक्षलाई तनाव कम गर्न र वार्ताको टेबलमा फर्कन आग्रह गर्दछु ।'

रुसले अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको आलोचना गरेको छ र आक्रमणले यस क्षेत्रलाई मानवीय, आर्थिक र यसलाई अस्वीकार गर्न नसकिने रेडियोलोजिकल विपत्तिको संघारमा पुऱ्याएको तर्क गरेको छ । चीनले 'सैन्य कारबाही तत्काल रोक्न' आग्रह गरेको छ । चिनियाँ विदेश मन्त्रालयले इरानको राष्ट्रिय सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्नेमा जोड दिएको छ ।

अमेरिकी सैन्य अखडाको आश्रय रहेको कतारले आफ्नो भूमिमा इरानी क्षेप्यास्त्र आक्रमणको निन्दा गरेको छ र चेतावनी दिएको छ । 'यस आक्रमणको जवाफ दिने पूर्णअधिकार सुरक्षित छ,' कतारले भनेको छ ।

क्रमशः पृष्ठ ५ मा

**पृष्ठ १ बाट क्रमशः**

## मध्यपूर्वमा...

यहीबीच इरानी राजधानी तेहरान, इस्फहान र कोम आसपासका क्षेत्रहरूमा लगातार विष्फोट सुनिएको र धुवाँ उडेको दृश्य सार्वजनिक भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई ‘ठूलो सैन्य अभियान’ भन्दै इरानको परमाणु तथा मिसाइल कार्यक्रमबाट उत्पन्न खतरा अन्त्य गर्न कदम चालिएको दाबी गरेका छन् ।

उनले इरानी सरकारी फौजलाई आफ्ना हतियार बिसाउन भनेका छन् । इरानले हमला गर्न सक्ने भन्दै इजरायलविरुद्धको खतरा हटाउन आफूले पहिला हमला गरेको इजरायली रक्षा मन्त्रालयले जनाएको छ । यसअघि इजरायलका रक्षामन्त्री इजरायल क्याट्जले इरानबाट हुनसक्ने भन्दै ‘पूर्वप्रतिरक्षात्मक आक्रमण’ गरिएको शनिबार बिहानै एक विज्ञप्तिमार्फत उल्लेख गरेका थिए । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरान क्षेत्रीय स्थिरताका लागि सबैभन्दा ठूलो खतरा बनेको आरोप लगाउँदै आक्रमणलाई ‘रक्षात्मक र आवश्यक’ कदमको संज्ञा दिएका छन् ।

अमेरिका र इजरायलको संयुक्त आक्रमणको केही घण्टामै इरानले इजरायलतर्फ दर्जनौं मिसाइल प्रहार गरेको तथा खाडी क्षेत्रमा अवस्थित अमेरिकी सैन्य बेसहरू लक्षित गरेको रिपोर्ट छ । कतार, युएई, बहराइन, कुवेत, साउदी अरब र जोर्डनमा हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको बताइएको छ। यद्यपि, युएईमा इरानी मिसाइल आक्रमणपछि केही नागरिक घाइते भएको अल जजिराले जनाएको छ। कतार र युएईले आफ्नो भूमिमा भएको इरानी आक्रमणको कडा निन्दा गर्दै क्षेत्रीय सुरक्षामा गम्भीर असर पर्ने चेतावनी दिएका छन् ।

इरानी सरकारी स्रोतहरूका अनुसार तेहरानको एक शैक्षिक क्षेत्र नजिक परेको आक्रमणमा विद्यार्थीसहित दर्जनौं नागरिकको मृत्यु भएको दाबी गरिएको छ । यो समाचार तयार पार्दासम्म ८५ जना विद्यार्थी मारिएको उल्लेख छ। यद्यपि स्वतन्त्र अन्तर्राष्ट्रिय निकायबाट मृतक संख्या पुष्टि भइसकेको छैन । अस्पतालहरूमा भने घाइतेको भीड लागेको र आपत्कालीन अवस्था घोषणा गरिएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानी जनतालाई ‘आफ्नो भविष्य आफ्नै हातमा लिन’ आह्वान गर्दै वर्तमान इस्लामिक शासनविरुद्ध उठ्न आग्रह गरेका छन् । विश्लेषकहरूले यसलाई प्रत्यक्ष शासन परिवर्तनको संकेतका रूपमा व्याख्या गरेका छन् ।

यसैबीच, इरानका पूर्वशाहका छोरा रेजा पहल्बीले सामाजिक सञ्जालमार्फत आक्रमणको समर्थन गर्दै इस्लामिक गणतन्त्रको अन्त्यको अवसर भएको टिप्पणी गरेका छन् । रुसले भने अमेरिका-इजरायलको कदमलाई अन्तर्राष्ट्रिय कानुनविपरीत भएको भन्दै कडा आलोचना गरेको छ । मस्कोले संयुक्त राष्ट्र सुरक्षा परिषद् बैठकको माग गर्दै क्षेत्रीय युद्ध भड्किन सक्ने चेतावनी दिएको छ ।

विश्लेषकहरूका अनुसार इरानको परमाणु कार्यक्रम, क्षेत्रीय सशस्त्र समूहहरूलाई दिएको समर्थन र इजरायल-इरानबीचको लामो वैमनस्य यस टकरावका मुख्य कारण हुन् । तेल उत्पादन गर्ने खाडी राष्ट्रहरूमा अस्थिरता बढे विश्व ऊर्जा बजार र आपूर्ति श्रृंखलामा गम्भीर असर पर्न सक्ने अनुमान गरिएको छ ।

मध्यपूर्वमा सुरु भएको सैन्य भिडन्तले विश्वराजनीतिमा नयाँ ध्रुवीकरण निम्त्याउने संकेत देखिएको छ । युद्धको विस्तार रोक्न कूटनीतिक प्रयास तीव्र पार्न अन्तर्राष्ट्रिय समुदायलाई दबाब बढेको छ ।

■ ■ ■

## परराष्ट्रको...

एडभाइजरीमा भनिएको छ, ‘सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानको नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् । सम्बन्धित निकायको पूर्वस्वीकृतिविना अनावश्यक यात्रा नगर्नुहोस् । काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अभिभस्थित नेपाली राजदूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस् ।’

इजरायल वा इरान भ्रमण गर्ने योजना बनाइरहेका नेपाली नागरिकलाई हालको अवस्था सामान्य नहुँदासम्म आफ्नो यात्रा स्थगित गर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ । अन्य मध्यपूर्वी देशहरूमा बसोबास तथा कार्यरत नेपाली नागरिकलाई त्यहाँको अवस्थाबारे निरन्तर जानकारी लिँदै सम्बन्धित देशका निकायले जारी गरेका सावधानीका उपाय पालना गर्न मन्त्रालयको अनुरोध छ ।

### इजरायलस्थित नेपाली दूतावासको आग्रह

इजरायलस्थित नेपाली दूतावासले पनि त्यहाँ रहेका नेपाली नागरिकलाई इजरायली अधिकारी र होम फ्रन्ट कमाण्डद्वारा जारी सुरक्षा सल्लाह र निर्देशन कडाइका साथ पालना गर्न अनुरोध गरेको छ । दूतावासले शनिबार सुरक्षा सचेतनासम्बन्धी सूचना जारी गर्दै अनावश्यक यात्रा नगर्न र नियमित सम्पर्कमा रहन त्यहाँ रहेका सबै नेपालीलाई आग्रह गरेको हो ।

सूचनामा भनिएको छ, ‘सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, पूर्णसावधानी अपनाउनुहोस् र आ-आफ्ना स्थानमा रहेका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् ।’ दूतावासले इजरायलका सम्बन्धित अधिकारीहरूको अनुमति नलिई यात्रा नगर्न, स्थानीय समाचार, आधिकारिक घोषणा र आपत्कालीन सतर्कताको निरन्तर निगरानी गर्न, नेपाली दूतावाससँग नियमित सम्पर्क र सञ्चार कायम राख्न र तोकिएका आश्रयस्थल वा सुरक्षित स्थानको नजिक रहन पनि अनुरोध गरेको छ। दूतावासले आवश्यकताअनुसार नियमितरूपमा अद्यावधिक जारी गर्ने सूचनामा उल्लेख छ ।

■ ■ ■

## नेपालीहरूको ...

‘सकेसम्म घरभित्रै बस्नुहोस्, अत्यावश्यक कामबाहेक बाहिर ननिस्कनुहोस् र आधिकारिक घोषणा तथा आपत्कालीन सन्देशहरू निरन्तर हेरी पालना गर्नुहोस्,’ कतारस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा उल्लेख छ । दूतावासले अफवाह र अप्रमाणित सूचनाबाट सतर्क रहन विशेष जोड दिएको छ ।

यस्तै, मनामास्थित नेपाली दूतावासले बहराइनमा रहेका नेपालीहरूलाई त्यहाँको सरकारले जारी गरेका सुरक्षा सतर्कतासम्बन्धी निर्देशन र सूचनामा ध्यान दिन तथा सुसूचित रहन अनुरोध गरेको छ । ‘सुरक्षा संवेदनशीलता र सरोकारको अवस्थाप्रति सचेत र शान्त रहँदै सुरक्षित रहने उपाय र निर्देशनका सम्बन्धमा आ-आफ्ना कम्पनीका निर्देशनबारे जानकारी राख्नुहोस्,’ दूतावासले जनाएको छ । बहराइन सरकारका आधिकारिक एप र प्लेटफर्ममार्फत अद्यावधिक सूचना लिनसमेत आग्रह गरिएको छ। आवश्यक परेमा दूतावासमा उपलब्ध आपत्कालीन सम्पर्क नम्बरमार्फत सम्पर्क गर्न सकिने व्यवस्था गरिएको छ ।

कुवेतस्थित नेपाली दूतावासले पनि कुवेत र इराकमा रहेका नेपाली नागरिकलाई सतर्क रहन आग्रह गरेको छ । दूतावासका अनुसार हाल कुवेतको हवाई क्षेत्र बन्द रहेको जानकारी प्राप्त भएको छ । ‘अत्यन्त जरुरी नपरेसम्म यात्रा नगर्नुहोस्, सकेसम्म घरभित्रै बस्नुहोस्, स्थानीय समाचार अलर्ट र सरकारी आधिकारिक निर्देशनबारे सुसूचित रहनुहोस्,’ दूतावासको सूचनामा छ ।

हवाई यात्रा गर्ने यात्रुहरूलाई सम्बन्धित वायुसेवा प्रदायकसँग सम्पर्क गरी यात्राको अवस्था यकीन गर्न सुझाव दिइएको छ । साथै, आफ्नो कार्यस्थल वा कम्पनीबाट जारी हुने सुरक्षा निर्देशनबारे जानकारी राख्न र स्थानीय नेपाली समुदायसँग नियमित सम्पर्कमा रहन आग्रह गरिएको छ ।

नेपाली कूटनीतिक नियोगहरूले आवश्यक परेमा थप सूचना जारी गर्ने जनाउँदै सबैलाई सुरक्षित, शान्त र सचेत रहन आग्रह गरिएको छ । युएईस्थित नेपाली दूतावासले युएईमा रहेका नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ । मध्यपूर्व क्षेत्रमा विकसित भइरहेका परिस्थितिलाई ध्यानमा राख्दै दूतावासले नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न र उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै युएई सरकार तथा नेपाली दूतावासरमहावाणिज्य दूतावासले जारी गरेका सुरक्षा मार्गनिर्देशन र सूचनाहरूको पालना गर्न सबै नेपाली नागरिकलाई अनुरोध गरेको हो । विज्ञप्तिमा मध्यपूर्वको सिर्जित अवस्थालाई ध्यानमा राखी सम्भावित जोखिमबाट जोगिन सचेत रहन भनिएको छ ।

दूतावासले विशेषगरी अनावश्यक आवागमन कम गर्न, भीडभाडयुक्त स्थानहरूबाट टाढा रहन र आधिकारिक स्रोतबाट आउने सूचनामात्रै विश्वास गर्न आग्रह गरेको छ ।

### नेपालीको सुरक्षामा दलहरूको चासो

मध्यपूर्वमा युद्ध चर्किएपछि नेपालका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले त्यस क्षेत्रका देशहरूमा रहेका नेपालीहरूको सुरक्षालाई लिएर गहिरो चिन्ता व्यक्त गरेका छन् । शनिबार नेपाली कांग्रेसका सभापति गगन थापाले मध्यपूर्वमा रहेका नेपाली नागरिकको सुरक्षा झन् संवेदनशील बनेको भन्दै चिन्ता प्रकट गरे । उनले उच्च सतर्कता अपनाउन आग्रह गरे ।

उनले त्यहाँ रहेका नेपालीलाई सुरक्षा नियमको पूर्णपालना गर्न र अत्यावश्यक कामबाहेक सुरक्षित स्थानमै बस्न आग्रह गरेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि मध्यपूर्वमा देखिएको पछिल्लो तनावले चिन्तित तुल्याएको बताएका छन् । उनले नेपालीलाई सजग र सुरक्षित रहन आह्वान गरेका छन् । नेपाली दूतावास र नेपाल सरकारलाई नागरिकको सुरक्षामा अविलम्ब परिचालित हुन पनि अनुरोध गरे ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले पनि मध्यपूर्वमा विकसित परिस्थितिले गम्भीर तनाव सिर्जना गरेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले मध्यपूर्वमा कार्यरत लाखौं नेपालीको सुरक्षा सरकारको प्रमुख प्राथमिकता हुनुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाहलगायतले पनि नेपालीहरूको सुरक्षाबारे चासो व्यक्त गरेका छन् ।

■ ■ ■

## अन्तिम चरणमा...

प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। त्यसैगरी, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुने छ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् ।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदै छन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तर्राष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् । (राससको सहयोगमा)

■ ■ ■

## यी हुन् पास...

‘सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि, २०८२’ को दफा ५ को खण्ड ‘त,’ दफा ९ र दफा ११ समेतका आधारमा सरकारसँग अनुरोध गरिएको जनाएको हो ।

निर्वाचनको दिन दमकल, एम्बुलेन्स, शववाहन, खानेपानीका टचांकर, दूध, फलफूल, तरकारी, माछामासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) र अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई सेवाका यात्रु बोकेका (विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म) सवारीसाधन पास आवश्यक नपर्ने आयोगले जनाएको छ ।

त्यसैगरी, हिँड्डुल गर्न नसक्ने गर्भवती, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिकरूपले अशक्त वा अपांगता भएका व्यक्ति, हिँड्डुल गर्न नसक्ने ज्येष्ठ नागरिक वा मतदाता र निजका एक जना सहयोगी बोकेका सवारीसाधन, नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन, आयोगबाट जारी भएका पर्यवेक्षक परिचयपत्रवाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारीसाधन (सो परिचयपत्रमा उल्लिखित स्थानमा मात्र), राष्ट्रिय मानवअधिकार आयोगबाट अनुगमन/पर्यवेक्षणका लागि प्रयोग हुने सवारीसाधन र प्रेस पास भएका सञ्चारकर्मीका सवारीसाधनका लागि पनि पास आवश्यक नपर्ने आयोगले जनाएको छ ।

आयोगले विज्ञप्तिमा भनेको छ, ‘निर्वाचन आयोग, गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रतिनिधि रहेको एकीकृत सवारीसाधन आवागमन ‘डेस्क’ निर्वाचन आयोग परिसरमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर र ललितपुरबाट जारी हुनुपर्ने सवारी पाससमेत सोही डेस्कबाट जारी भइरहेको व्यहोरासमेत जानकारी गराइन्छ ।’

**Government of Madhesh Province**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

# Infrastructure Development Office

**Siraha**

## Invitation for Electronic Bids of

**First Date of publication: 1st March 2026**

1.The Infrastructure Development Office Siraha invites electronic bids from Nepalese eligible bidders for the Construction of Roads under National Competitive Bidding procedures. Details projects are as in table below.

| S.N | Name Of Project | Contract ID: | Cost of Bid Document Nrs. | Estimated cost Amount inc. Vat and PS NRS. | Bid Security Amount & Validity Period minimum up to date |
|---|---|---|---|---|---|
| 1 | सिरहा भगवानपुर नपा ५ ईनर्वा राम अवतार यादवको घरदेखि उत्तर गमहरियाको हुलाकी सडकसम्म सडक स्तरोन्नती ७ सिरहा भगवानपुर नपा ५ परौल थलहा नदीमा कल्भर्ट निर्माण | IDOSIR-W-NCB-Road-50-082-083 | 3000 | 5869589.03 | Nrs. 147000 & 31th -Jul-2026 |
| 2 | हरिपुर शिवमन्दिर देखि मण्डलटोल हुंदै देवि दह सम्मको सडक सिराहा ७ सिरहा, लहान न.पा. १७ हरिपुर गाउ देखि मण्डल टोल हुदै देबी दह सम्म जाने बाटो ढलान | IDOSIR-W-NCB-Road-51-082-083 | 3000 | 6359681.67 | Nrs. 159000 & 31th -Jul-2026 |
| 3 | सिरहा लहान न.पा. वडा नं.१०बहादुर परियारको घर देखी खुट्टी खोल सम्म पिसिसी सडक ढलान तथा नाला निर्माण र ओशो पार्क निर्माण | IDOSIR-W-NCB-Road-52-082-083 | 3000 | 2918153.61 | Nrs. 73000 & 31th -Jul-2026 |
| 4 | सिरहा लहान न.पा. वडा नं.१२ मुंगा लाल चौधरी को घर देखी गुदर साह को घर सम्म पिसिसी सडक ढलान तथा नाला निर्माण तथा भुतनी महिला पोखरी सौन्दर्यकरण | IDOSIR-W-NCB-Road-53-082-083 | 3000 | 3619639.98 | Nrs. 90000 & 31th -Jul-2026 |
| 5 | सिरहा नवराजपुर गापा ५ अन्तर्गत झाँझपट्टी सडकहरुको स्तरोन्नती | IDOSIR-W-NCB-Road-54-082-083 | 3000 | 3426046.21 | Nrs. 86000 & 31th -Jul-2026 |
| 6 | सिरहा विष्णुपुर गापा ३ रजोखरमा शिव नारायण साफी घर देखि दक्षिण आधारभुत स्वास्थ्य केन्द्र हुदै पूर्व सम्म को सडक ढलान | IDOSIR-W-NCB-Road-55-082-083 | 3000 | 2935193.39 | Nrs. 73000 & 31th -Jul-2026 |
| 7 | सिरहा विष्णुपुर गा.पा. ५ पारसि पासमानको घर देखि जयप्रकाश ठाकुरको घर हुदै सिरहा चोहर्वा सडकसम्म सडक ढलान | IDOSIR-W-NCB-Road-56-082-083 | 3000 | 2933446.13 | Nrs. 73000 & 31th -Jul-2026 |
| 8 | सिरहा, सिरहा न.पा. वाड नं. ६ कटकोलवा मोहन घिमिरेको घरदेखि पासमान टोल हुँदै पश्चिम कमला नदि त्तबन्द सम्म सडक ढलान च्त्रृत्रृ कार्य | IDOSIR-W-NCB-Road-57-082-083 | 3000 | 3910873.05 | Nrs. 98000 & 31th -Jul-2026 |
| 9 | नवराजपुर् गा.पा. २ मा P.C.C. ढलान कार्य | IDOSIR-W-NCB-Road-58-082-083 | 3000 | 4396320.67 | Nrs. 110000 & 31th -Jul-2026 |
| 10 | नवराजपुर् गा.पा.३ अन्तर्गत थाना चौक देखि फुलबरिया सम्म R.C.C. सडक ढलान | IDOSIR-W-NCB-Road-59-082-083 | 3000 | 4386253.85 | Nrs. 110000 & 31th -Jul-2026 |
| 11 | सिरहा नवराजपुर् गा.पा.३ सहिद रामश महतो स्कुल देखि सालिक सम्म R.C.C. सडक ढलान | IDOSIR-W-NCB-Road-60-082-083 | 3000 | 2935333.09 | Nrs. 73000 & 31th -Jul-2026 |
| 12 | सिरहाको अर्नामा ५ कृष्णपुर कबिर कुटी देखी हनुमान मन्दिर सम्म सडक स्तरउन्नती | IDOSIR-W-NCB-Road-61-082-083 | 3000 | 3422456.77 | Nrs. 86000 & 31th -Jul-2026 |
| 13 | सिरहा करजन्हा ६ बेतहा स्कुल नजिकको पोखरी सौन्दर्यकरण | IDOSIR-W-NCB-Road-62-082-083 | 3000 | 2934446.54 | Nrs. 73000 & 31th -Jul-2026 |
| 14 | सिरहा धनगढीमाई ना पा ८ प्रहरी चौकी देखी वाडा कार्यलय हुदै कसहा बजार सम्म सडक ढलान तथा स्तरउन्नती | IDOSIR-W-NCB-Road-63-082-083 | 3000 | 2934888.79 | Nrs. 73000 & 31th -Jul-2026 |
| 15 | कल्याणपुर नगरपालिका वडा नं. ७ भेडवा खोलामा वक्स कलभर्ट कार्य | IDOSIR-W-NCB-Road-64-082-083 | 3000 | 3991458.53 | Nrs. 100000 & 31th -Jul-2026 |
| 16 | कल्याणपुर नगरपालिका वडा नं.६ भोक्राहा मेनरोडमा नाला निर्माण कार्य तथा सडक ढलान कार्य | IDOSIR-W-NCB-Road-65-082-083 | 3000 | 2936498.35 | Nrs. 73000 & 31th -Jul-2026 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents Infrastructure Development Office, Siraha
3. Bidding documents can be only downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents Rs. 3000.00. **Name of the Bank:** Rastriya Banijya Bank, Siraha.
   **A/C no.** 1000200010000, Office Code No. 3370116012
   **Name of Office:** Infrastructure Development Office, Siraha, Revenue Sirsak No. 14229
4. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 2nd April -2026
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hour on 2nd April -2026 in Infrastructure Development Office, Siraha.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the Infrastructure Development Office Siraha reserves the right to amend and correct at any time.
8. Infrastructure Development Office, Siraha, reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
9. For further details, please visit www.bolpatra.gov.np, Mobile No. 9852848501 in office time.

**Senior Divisional Engineer**

**IDO,Siraha**

# कर्मचारीलाई निर्वाचनको चटारो








१) आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटिने कर्मचारी कञ्चनपुरको निर्वाचन क्षेत्र नं २ को कार्यालयबाट नियुक्तिपत्र बुझ्दै ।
२) बाजुराको हिमाली गाउँपालिका-१, २, र ३ वडाका रहेका मतदान केन्द्रमा निर्वाचनका लागि मतदान केन्द्रतर्फ सवारीसाधनमा मतपेटिका लैजाँदै कर्मचारी ।
३) निर्वाचनका लागि मतदान केन्द्रमा खटिएका कर्मचारी शनिबार जिल्ला निर्वाचन कार्यालय जुम्लाबाट मतपेटिकालगायत निर्वाचन सामग्री बुझ्दै ।
४) जिल्ला निर्वाचन कार्यालय बाजुराबाट मतपेटिकासहितका सामग्री बुझेर लैजाँदै कर्मचारी ।
५) मनाङको नार्पाभूमि गाउँपालिका फू गाउँमा लैजान जिल्ला निर्वाचन कार्यालय मनाङबाट मतपेटिकासहितका सामग्री बुझ्दै कर्मचारी ।
६) दाङ क्षेत्र नम्बर २ को मुख्य निर्वाचन अधिकृतको कार्यालय, घोराहीमा मतगणनास्थल तयार गर्दै कर्मचारी । *तस्बिरहरू: रासस*

# आचारसंहिता उल्लंघन गर्ने ९४ लाई स्पष्टीकरण, ५७ वटाको जवाफ

■ प्रभाव संवाददाता

**काठमाडौं–** केन्द्रीय आचारसंहिता अनुगमन समितिमा शनिबारसम्म प्राप्त भएका उजुरीमध्ये ९४ लाई स्पष्टीकरण सोधिएको निर्वाचन आयोगले जानकारी दिएको छ । राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको आयोगको भनाइ छ ।

शनिबारसम्म ८८ जनालाई स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले बताए । दोहोर्‍याएर स्पष्टीकरण सोध्दा पनि चित्तबुझ्दो जवाफ प्राप्त नभएपछि आयोगले आठ जनालाई कारबाही गरेको उनले बताए ।

आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको जोशीले जानकारी दिए ।

उनका अनुसार निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत स्पष्टीकरण सोधिएको छ । जिल्लास्तरमासमेत निर्वाचन आचारसंहिता उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेका छन् । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ ।

प्राप्त भएका ५७ वटा जवाफको थप अध्ययन भइरहेको पनि आयोगले जनाएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित



निर्वाचन कार्यालयहरू क्रियाशील रहेको कानुन अधिकृत जोशीले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ ।

छोटो समयमा सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारीरूपमा भइरहेको आयोगले जनाएको छ । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको आयोगका कानुन अधिकृत जोशीले उल्लेख गरे ।

जिल्लाजिल्लामा गरी हालसम्म एक हजार ७६ वटा उजुरी प्राप्त भएकामा एक हजार ६१ वटाको फर्स्योट गरिएको आयोगले जनाएको छ । उनका अनुसार राजनीतिक दल र उम्मेदवार निर्वाचन आचारसंहिता, २०८२ उल्लंघनसम्बन्धी लुम्बिनी प्रदेशका जिल्लामा बढी उजुरी परेका छन् ।


**मोटरसाइकल हराएको सूचना**

अर्जुन भट्टको नाम रहेको निम्न व्योहोरा भएको पल्सर २०० सि.सि. मोटरसाइकल मिति २०८२।०८।०५ गते का. जि. कागेश्वरी मनोहरा न.पा-६ स्थित पार्किङ गरि राखेको ठाउँबाट रातको अन्दाजी २२:०० बजे तिर हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : अर्जुन भट्ट
बाइक नं.: बा.प्र. ०२-०३३ प ८६०६
च्यासिस नं.: MD2A36FXXMCF 92799
इन्जिन नं. : JLXCMF14066
रंग : कालो
सम्पर्क नं. ९७६९७६२८२५

**मोटरसाइकल हराएको सूचना**

२०८२।११।११ गते निम्न व्योहोरा भएको निलो रङ्गको यामाहा १५० सि.सि. को मोटरसाइकल भ.जि.भ.म.ठि.न.पा. वडा नं. ०३ नजिक पार्किङ गरि राखिएको अवस्थामा रातिको अन्दाजी ११:०० बजे तिर हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : रुपेश कुमार सुन्चेउरी
बाइक नं.: म.प्र. ०३-०४१-४४०६
च्यासिस नं.: ME1RG445BS0104146
इन्जिन नं. : G3J3E0605810
रंग : निलो
ठेगाना : काठमाण्डौं, त्रिपुरेश्वर
सम्पर्क नं. ९८११२२२५३४

**बिमालेख हरायो**

मिति २०८२/१०/२० गते कलंकीदेखि थानकोट सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Dinesh Gopali
बिमालेख नं.: ULI318000235
कम्पनी : Himalayan Life Insurance Limited
ठेगाना : Chandragiri-04, Kathmandu, Nepal
सम्पर्क नं : 9849729029

**अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना**

अधिकृत वारेस दिने व्यक्ति श्री ईश्वर बहादुर राईले मिति २०७९।१०।२९ मा श्री भक्तपुर जिल्ला अदालतबाट द.नं. २६१ मा अधिकृत वारेसनामा प्रमाणित गरी लिने व्यक्ति पदम केशर वनको नाती कालि प्रसाद वनको छोरा हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. ३ बस्ने वर्ष ६४ को राज कुमार वन (ना.प्र.नं. १८८७।३३३।०३३।३४, झापा) लाई अधिकृत वारेस प्रमाणित गरी दिएकोमा सो अधिकृत वारेस दिएको मुद्दाको प्रयोजन सकिएको र म ईश्वर बहादुर राईको तर्फबाट अन्य कुनै मुद्दा मामिला सम्बन्धी काम गर्न पनि आवश्यक नभएको हुँदा मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को दफा १५५ को उपदफा १ को खण्ड (ग) बमोजिम उक्त मितिमा श्री राज कुमार वनलाई दिएको अधिकृत वारेस बदर गरी यो सार्वजनिक सूचना प्रकासन गरिएको छ।

**कतारमा रोजगार** कम्पनी : NEW JERSEY WEDDING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/१३ | LT. No. 339467 | चलानी नं. ६०२५२९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICES AGENT | 5 | 5 | 1500 | ५९,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २४ गते (08th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



**Roshi Rural Municipality**

**Office Of Rural Municipalal Executive**

Roshi-07, Kavre

Bagmati Province, Nepal

**Notice For Tender Publication**

**Date Of Publication: 2082/11/17**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically. For further details bidders are requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name Of Project | Contract ID | Estimated Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee(NRs) |
|---|---|---|---|---|
| Construction of Om Buddha Santi Chortan Gumba Roshi-05, Shree Karmaduk tharpeling Gumba Roshi-10 and Tashi Chuklakhang Gumba adhyaan kendra Roshi-11 | RRM/OBKT/W/NCB/15-2082/83 | 32,99,931.73 | 85,000.00 | 3000 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निर्वाचनको निष्पक्षता र मिथ्या सूचनाको चुनौती

**आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा मुलुकमा चुनावी सरगर्मी बढेको छ । लोकतन्त्रको प्राण मानिने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नु राज्यका हरेक अंगको दायित्व हो। तर, यसपटकको निर्वाचनमा भौतिक सुरक्षाभन्दा पनि 'डिजिटल सुरक्षा' र 'मिथ्या सूचना' ठूलो चुनौतीका रूपमा देखापरेका छन् । दुर्भाग्यवश, यसलाई नियन्त्रण गर्ने जिम्मेवारी पाएका निर्वाचन आयोग र प्रेस काउन्सिल नेपालको भूमिका भने निकै फितलो देखिएको छ ।**

**आजको डिजिटल युगमा सामाजिक सञ्जाल चुनावी प्रचारको मुख्य थलो बनेका छन् । तर, यही माध्यमबाट फैलाइने भ्रामक समाचार, 'डिपफेक' भिडियो र नियोजित दुष्प्रचारले मतदाताको निर्णयलाई प्रभावित पार्नेमात्र होइन, सामाजिक सद्भावसमेत बिथोल्ने जोखिम बढाएको छ । यस्तो संवेदनशील समयमा निर्वाचन आयोगले जारी गरेको 'निर्वाचन आचारसंहिता' प्रभावकारी कार्यान्वयन नहुनु चिन्ताको विषय हो । आयोगको संयन्त्र अनलाइनमा फैलिएका मिथ्या सूचनाको बाढी रोक्न प्रभावकारी देखिएको छैन । कारबाहीको नाममा केही स्पष्टीकरण सोध्नेबाहेक ठोस कानुनी कदम चाल्न नसक्नुले आयोगको लाचारी प्रस्ट पार्छ ।**

**अर्कोतर्फ, सञ्चारमाध्यमको नियमन गर्ने निकाय प्रेस काउन्सिल नेपालको अवस्था पनि उस्तै छ । कतिपय अनलाइन पोर्टलहरू नै दलीय प्रचारको औजार बनेर भ्रामक शीर्षक र अपुष्ट समाचार सम्प्रेषण गरिरहेका छन् । तर, काउन्सिलले यस्ता सामग्रीको गम्भीर अनुगमन गरी कडा कारबाही गर्नुको सट्टा केवल औपचारिक विज्ञप्ति जारी गरेर आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु विडम्बनापूर्ण छ। प्रेस स्वतन्त्रताको नाममा स्वच्छन्दतालाई प्रश्रय दिँदा अन्ततः पत्रकारिताकै विश्वसनीयतामाथि प्रश्न उठेको छ ।**

**मिथ्या सूचना नियन्त्रण गर्न केवल प्राविधिक संयन्त्र भएर पुग्दैन, दृढ इच्छाशक्ति र तत्काल 'एक्सन' लिने साहस चाहिन्छ। आयोग र काउन्सिलले सामाजिक सञ्जालका कम्पनीहरूसँगको समन्वयलाई तीव्र बनाउनुपर्छ र आचारसंहिता उल्लंघन गर्नेलाई कडा दण्डको दायरामा ल्याउनुपर्छ। अन्यथा, प्रविधिको आडमा हुने यस्ता 'डिजिटल चलखेल'ले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउने निश्चित छ ।**

**निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवारहरूलाई प्रचारप्रसारका लागि प्रदान गरेको समय भोलिसम्ममात्रै हो । मतदान हुनुभन्दा ७२ घण्टा अगाडिदेखि मौनअवधि सुरु हुन्छ । मौन अवधिमा पनि कडाइ नगरिए मिथ्या सूचनाको बाढी रोकिने छाँट देखिँदैन। यसतर्फ आयोग सतर्क बन्नुपर्छ। मौन अवधिमा निर्वाचन आचारसंहिताविपरीत सामाजिक सञ्जाल र अनलाइन सञ्चारमाध्यममार्फत हुने प्रचारप्रसार र मिथ्या सूचना रोक्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन जरुरी छ ।**

# चुनावमा सहभागी हुन आतुर छन् मतदाता



❑ शीतलप्रसाद महतो

"सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साहकासाथ निर्वाचनको तयारीमा जुटिरहेको बेलामा भ्रष्टाचार, कुशासन, अविकास र आर्थिक संकटविरूद्ध लाग्ने जनप्रतिनिधि चयनका लागि आममतदाता अत्यन्तै चनाखो देखिन्छन् । हरेक दृष्टिकोणबाट राज्यलाई आत्मनिर्भर बनाउने गरी उद्योग-व्यवसाय सञ्चालनमा जनप्रतिनिधिको सहयोग र साझेदारी सहज हुनुपर्छ । अब आमनेपालीले रोजगारीका लागि मुलुक छाड्नु नपरोस् । समानता, सुशासन र राष्ट्रिय समृद्धि आगामी निर्वाचित सरकारको मूल मन्त्र र कार्यदिशा बनोस् । निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि अहिले चाहिएको छ ।

यतिखेर मुलुक प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ । निर्वाचनमा सहभागी हुन मतदातामा उत्साहको वातावरण देखिएको छ । भ्रष्टाचार नियन्त्रण, सुशासन तथा विकास निर्माणप्रति सर्वसाधारण नेपाली नागरिकको उत्कृष्ट अभिलाषा एवं आकांक्षाको प्रतिनिधित्व र परिपूर्ति गर्नका लागि मतदाता मतदानको व्यग्र प्रतीक्षा गरिरहेका छन् । अर्थात् उनीहरू प्रतिनिधिसभा सदस्य चुन्न आतुर देखिएका छन् ।

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अहिले चुनावी प्रचारप्रसारको सरगर्मी ह्वात्तै बढेको छ । मुलुकका सहर तथा ग्रामीण क्षेत्रका विभिन्न चोक, चिया पसलदेखि टोलटोल र खेतबारी उम्मेदवार तथा पार्टीका जित हारको आकलन तथा चुनावी कुराकानीले गर्माएको छ । विभिन्न दलका नेता, कार्यकर्ता र उम्मेदवारले बिहानैदेखि मतदाताको घरआँगन तथा खेतबारीमा पुगेर मत माग्ने कार्यलाई तीव्रता दिएका छन् भने चुनावीसभा र कोणसभालाई पनि त्यतिकै महत्त्वका साथ अगाडि बढाएका छन् ।

विभिन्न दलका शीर्षनेताहरू पनि चुनावीसभा र प्रचारप्रसारमा व्यस्त देखिएका छन् भने चुनावको समाचार संकलन गर्न राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई पनि अहिले भ्याइनभ्याइ भएको छ । राजनीतिक स्थायित्व, आर्थिक समृद्धि र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयनसहितको समृद्ध नेपाल निर्माणका लागि हुन लागेको यो निर्वाचनलाई सफल र सार्थक बनाउन सबैको साझा प्रयास हुनुपर्दछ । यो चुनाव समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयन, समावेशी विकास र समृद्ध मुलुकको निर्माणसँग जोडिएकाले यसलाई जसरी भए पनि सफल बनाउनु प्रत्येक नेपालीको दायित्वभित्र पर्दछ । निर्वाचनमा आफ्ना लागि मत माग्न आइरहेका उम्मेदवारलाई मतदाताले भोगिरहेका विभिन्न समस्याको समाधानका लागि प्रतिबद्धता खोजिरहेका छन् ।

बेरोजगारी, आर्थिक कठिनाइ, पूर्वाधारको अभाव, स्वास्थ्य, शिक्षा र खानेपानीको अभावलाई मतदाताले प्रमुख समस्याका रूपमा लिएका छन् । यी यस्तै समस्यामा केन्द्रित भएर वस्तुगत समाधान प्रस्तुत गर्ने दल र उम्मेदवारप्रति नागरिकको अपेक्षा बढेको छ। बेरोजगारी र आर्थिक कठिनाइबाट आमनागरिक प्रताडित छन्। श्रमबजारमा हरेक वर्ष पाँच लाख नयाँ श्रमशक्ति आउने गरेका छन्। स्वदेशमा उनीहरूका लागि रोजगारीका अवसर अत्यन्तै कम हुँदा उनीहरूको जीवनमा आर्थिक कठिनाइ निम्तिने गरेको छ। त्यसैले वैदेशिक रोजगारी नै उनीहरूका लागि विकल्प हुने गरेको छ। हरेक वर्ष औसतमा तीन लाख युवा नयाँ श्रम स्वीकृति लिएर र पाँच/छ लाख पुरानो रोजगारीलाई निरन्तरता दिन विदेसिने गरेको देखिन्छ। रोजगारी सिर्जना देशको आर्थिक विकाससँग पनि जोडिन्छ। आर्थिक विकासका लागि औद्योगिक विकास र स्वरोजगारका अवसरसँग जोडिन्छ। त्यसैले अब राजनीतिक दलहरूको मुख्य 'एजेण्डा' नै आर्थिक विकास हुनुपर्छ भन्ने आममतदाताको भनाइ छ।

सम्भावित निर्वाचनको अर्को महत्त्वपूर्ण पक्ष 'डिजिटल' राजनीति हो। नेपालमा 'इन्टरनेट' पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छ भने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा छन्। 'टिकटक, फेसबुक, युटचुब र एक्स (ट्विटर)' अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य 'प्लेटफर्म' बनेका छन्। यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ। ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन्। युवा मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई डिजिटल माध्यमबाट सजिलै मूल्यांकन गरिरहेका छन्। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती भने थपेको छ।

जनसंख्याको बनोट र सामाजिक विविधताको आयामको प्रतिविम्ब हरेक राजनीतिक र सामाजिक प्रक्रिया र प्रतिस्पर्धामा देखियोस् भन्ने अपेक्षा गरिएको हुन्छ। तर यस निर्वाचनमा उमेर समूह, लैंगिकता, जातीय विविधताजस्ता पक्षमा दलहरूको उम्मेदवारी असन्तुलित देखिएको छ। यसबाट सामाजिक विविधतालाई राजनीतिक ठाउँ दिने विषयलाई दलहरूले भित्रैबाट अनुभूत गर्न नसकेको देखिन्छ । यस निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारीमा दलित, आदिवासी, जनजाति मधेसी, मुस्लिम, अल्पसंख्यक र सीमान्तकृत वर्ग समूहलाई दलहरूले सन्तुलित ढंगले उम्मेदवारी वितरण नगरेको देखिन्छ । दलहरू केवल राजनीतिक विरासत भएका, निर्वाचन खर्च बेहोर्न सक्ने तथा चर्चित अनुहारहरू परेको देखिन्छ ।

## कोशी र मधेस प्रदेश बढी चर्चामा

आसन्न निर्वाचनमा कोशी र मधेस प्रदेश चर्चाको शिखरमा छन् । भूपूदेखि भावी प्रधानमन्त्रीका दाबेदारसम्मको उम्मेदवारीले यी दुवै प्रदेश चर्चाको शिखरमा रहेका छन्। मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये एकमा पूर्वप्रधानमन्त्री र एकमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी छ ।

त्यस्तै, मधेस केन्द्रित दलका शीर्ष नेताहरूको उम्मेदवारीले पनि यो प्रदेशमा चुनावी सरगर्मी बढाएको छ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि, नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठदेखि अहिलेको चुनावी सरकारका निवर्तमान मन्त्री बब्लु गुप्तासम्मको उम्मेदवारी मधेसमै परेको छ । त्यसबाहेक दर्जनौं पूर्वमन्त्रीको राजनीतिक भविष्य जोडिएका हुनाले मधेस प्रदेशमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान केन्द्रित गरेको छ ।

निर्वाचन नजिकिँदै गर्दा कोशी प्रदेश पनि चर्चामा रहेको छ । विशेषगरी झापा-५ यतिबेला निकै चर्चामा छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको उम्मेदवारीका कारण यो क्षेत्रलाई विशेष चासोका साथ हेरिएको छ। कोशी प्रदेशमा प्रतिनिधिसभाका २८ सिटमध्ये झापा-५ पूर्वप्रधानमन्त्री र भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी परेको छ। यसैगरी, नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, विजयकुमार गच्छदार, नेकपा एमालेका देवराज घिमिरे, रास्वपाकी निशा डाँगी, श्रम संस्कृति पार्टीका हर्कराज राई र नेपाली कम्युनिस्ट पार्टीका हरि रोक्काको उम्मेदवारीले यो प्रदेश पनि चुनावी चर्चाको शिखरमा पुगेको छ।

## आचारसंहिता उल्लंघनका घटना बढ्दो

आचारसंहिता उल्लंघनमा प्रायः सबैजसो राजनीतिक दलका उम्मेदवार सक्रिय देखिएका छन् । विशेषगरी चुनावमा पैसाको माग र महत्त्व बढिरहेका बेला प्रभावशाली उम्मेदवारले अरूको कार्यकर्ता तान्न र आफ्नै कार्यकर्ता जोगाउन पनि ठूलै रकम खर्च गर्ने गरेका छन्। निर्वाचन आयोगले जारी गरेको आचारसंहिताविपरीत उम्मेदवारहरूले निर्वाचन आचारसंहिताविपरीत एक दर्जनभन्दा बढी चारचक्के गाडी प्रयोगमा ल्याइरहेको देखिन्छ।

कोशी, मधेस र लुम्बिनी प्रदेशका अधिकांश उम्मेदवारले भारतीय नम्बर प्लेटका गाडी प्रचारप्रसारमा प्रयोगमा ल्याइरहेका छन् । उम्मेदवारहरूले गाडीमै 'साउण्ड बक्स' जडान गरी चुनावी गीत बजाउँदै घरदैलो गरिरहेका छन् । मतदाता लोभ्याउन चुनावी भोजभतेरमा बन्देज लागे पनि दिनहुँ प्रत्येक क्षेत्रमा भोजभतेर चलिरहेको छ। आयोगले तडकभडक, बाजागाजा तथा सार्वजनिक स्थानमा पार्टीका झण्डा झुण्डयाउन नपाइने निर्देशन जारी गरेको छ । तर आयोगको निर्देशनविपरीत प्रायः सबै प्रदेशको विभिन्न स्थानमा पार्टीका झण्डा तथा प्रचार सामग्री खुलारूपमा झुण्डयाइएको पाइएको छ।

अर्कोतिर मतदाता शिक्षा प्रभावकारी देखिएको छैन । मन परेका व्यक्तिलाई छानेर मत हाल्न पाइने कि नपाइने, कसरी छाप लगाउने, कसरी पटयाउने भन्ने कुराको चिन्ता अधिकांश मतदातामा छ । यही फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले आह्वान गरे पनि आचारसंहिता उल्लंघनको घटना बढेको बढेकै छ।

## खुला सिमाना र सुरक्षा चुनौती

विशेषगरी छिमेकी मुलुक भारतको सीमासँग जोडिएको निर्वाचन केन्द्रमा सुरक्षा चुनौती बढ्न थालेको छ । निर्वाचनका बेला सुरक्षा व्यवस्थाका लागि तीनै निकाय संयुक्त र समन्वयात्मक रूपमा परिचालन भएको छ। भारतसँगको खुला सिमानाका कारण उत्पन्न हुने सुरक्षा चुनौती सामना गर्न स्थानीय प्रहरी प्रशासनले अधिकतम उपाय प्रयोग गरिरहेकाले ढुक्कसँग मतदान गर्न पाउने अवस्था छ। प्रहरीले ठाउँठाउँमा 'चेक प्वाइन्ट' राखेर सुरक्षा जाँच तीव्र बनाएको छ ।

खुला सिमानाका कारण घुसपैठ र आपराधिक घटना हुनसक्ने अवस्थालाई ध्यानमा राखेर उच्च सुरक्षा सतर्कता अपनाइएको छ। भारतबाट भाडाका अपराधी निर्वाचनमा उपयोग गर्नसक्ने पूर्वानुमानका आधारमा सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइएको सुरक्षा स्रोतले जनाएको छ । सुरक्षा चुनौतीलाई ध्यानमा राखेर मुख्य नाकाहरूमा तालिम प्राप्त कुकुर परिचालन गरिएको जनाइएको छ ।

## राजनीतिक दलहरूका लागि चुनौती र अवसर

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो। विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ। 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिए। तर गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ । यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने संकेत दिएका छन्। फलस्वरूप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन्।

युवाले के चाहन्छन् भन्ने चर्चाविना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छ। राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्। त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमासमेत परेको छ। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छ। तापनि युवा उमेर समूहको जनसंख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन।

युवा उमेर समूहले ओगट्ने जनसंख्या र उम्मेदवारको सन्तुलनमा अझै पनि धेरै फरक देखिन्छ। नेपालमा १८ देखि ४० वर्षका मतदाता ५२ प्रतिशत छन्। तर ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशतमात्रै छन्। यस्तो तथ्यांकबाट दलहरूले युवा र पाका उमेर समूहलाई सन्तुलित ढंगले उम्मेदवारी वितरण नगरेको प्रस्ट हुन्छ। युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक संकेत हो। निर्वाचनलाई केवल सत्ता हस्तान्तरणको प्रक्रियामात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि हो। विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपंक्तिमा देखिन थालेका छन्। यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने संकेत गरेको हो।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक संक्रमणको निर्णायक मोड पनि हो। जेन-जीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्ने छ। युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्न सकेमात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साहकासाथ निर्वाचनको तयारीमा जुटिरहेको बेलामा भ्रष्टाचार, कुशासन, अविकास र आर्थिक संकटविरुद्ध लाग्ने जनप्रतिनिधि चयनका लागि आममतदाता अत्यन्तै चनाखो देखिन्छन् । हरेक दृष्टिकोणबाट राज्यलाई आत्मनिर्भर बनाउने गरी उद्योग-व्यवसाय सञ्चालनमा जनप्रतिनिधिको सहयोग र साझेदारी सहज हुनुपर्छ। अब आमनेपालीले रोजगारीका लागि मुलुक छाड्नु नपरोस्। समानता, सुशासन र राष्ट्रिय समृद्धि आगामी निर्वाचित सरकारको मूल मन्त्र र कार्यदिशा बनोस्। निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि अहिले चाहिएको छ । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका नागरिकले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरुरी छ। *रासस*

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ। कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ। कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ। तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ।

## पाठक मञ्च

# सचेत बनौं, विचार गरेर भोट हालौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले गृहमन्त्री हुँदा काठमाडौंको ठमेल र दरबारमार्ग क्षेत्रमा रात्रिकालीन व्यवसाय सञ्चालन गर्न अनुमति दिए । त्यसपछि कतिपयले कोठा, फ्ल्याट र सटर भाडामा लिएर रात्रिकालीन व्यवसाय सञ्चालन गरिरहेका छन् । यहाँ एउटै कोठाको मासिक भाडा २५ देखि ३० हजारसम्म छ ।

फ्ल्याट तीन लाखसम्म पर्छ भने सटर त २२ लाखसम्म भाडामा जान्छ। खाली सटर ६० देखि ७० लाखमा किनबेच हुन्छ । स्वदेशी र विदेशी पर्यटक यहाँ घुमफिरका निम्ति आउने गरेका छन्। तर, केही वर्षयता मुलुकभर छाएको आर्थिक मन्दीको प्रभाव यहाँ पनि देखिन्छ। झन् जेन-जी आन्दोलनपछि त यहाँ पर्यटक आउनै छोडेका छन्।

रोचक कुराचाहिँ त्यो आन्दोलन गर्न लगाउने रवि र महानगरका पूर्वमेयर बालेन्द्र शाह थिए। उनीहरूकै कारण यहाँका व्यवसायी डुब्नुपरेको छ । करोडौं लगानी गरेर ठमेल र दरबारमार्गमा रात्रिकालीन व्यवसाय सञ्चालन गरेकाहरू चुर्लुम्म भएका छन्। एकातिर व्यापार छैन, अर्कोतिर महिनाकै लाखौं भाडा छ। भाडा घटाउन घरधनीहरू मान्दैनन् । व्यवसाय चल्दैन। अनि गर्ने के ? अर्कोतर्फ, राति व्यवसाय सञ्चालनले घरधनी र डेरामा बस्नेलाई एकदमै समस्या हुने गरेको छ । उनीहरू होहल्लाका कारण रातभर सुत्न पाउँदैनन्। सुरक्षा चुनौती पनि उत्तिकै छ।

अहिले ठमेल र दरबारमार्ग एरियामा भाडामा बस्ने वा घरधनीहरू राति ७ बजेपछि घरबाट निस्कँदैनन् । किनकि, त्यो समयपछि उनीहरू असुरक्षित महसुस गर्छन्। रात्रिकालीन व्यवसायका कारण केही लाभान्वित भए पनि धेरैजसो पीडित छन्। कतिपय दुर्व्यवहारमासमेत परेका छन्। आपराधिक घटना बढ्दो छ।

रविले सीमित व्यक्तिको लाभका निम्ति रात्रिकालीन व्यवसाय सञ्चालन गर्न दिँदा आफूहरू मर्कामा परेको ठमेल र दरबारमार्गका अधिकांश घरधनी र डेराबहाल बताउँछन्। 'डिजे र मान्छेहरूको होहल्लाका कारण हामी रातभर सुत्न पाउँदैनन्। साँझ परेपछि बाहिर निस्कन पनि सक्ने अवस्था छैन,' उनीहरू भन्छन्।

यता, रविको निर्णयपछि यहाँ रात्रिकालीन व्यवसाय सञ्चालन गरेका धेरैजसो चुर्लुम्म भएका छन् । व्यापार नै नहुने उनीहरूको गुनासो छ । 'नराम्ररी डुबियो नि,' अधिकांश व्यवसायी भन्छन्। आम्दानीले भाडा तिर्नसमेत नपुग्ने उनीहरूको दुःखेसो छ। त्यसैले, धेरैजसोले व्यवसाय छोडिसकेका छन्।

जेन-जी आन्दोलनपछि स्वदेशी व्यवसायीमात्र होइन, विदेशी लगानीकर्ता पनि पलायन हुँदै छन्। नेपालमा नेपालीभन्दा माडवालीहरूको बढी लगानी छ। अधिकांश व्यापार व्यवसाय माडवालीहरूले नै सञ्चालन गरेका छन् । जेन-जी आन्दोलनमा खर्बौंको सरकारी र निजी सम्पत्ति खरानी बनाइयो। त्यसबाट उनीहरू तर्सिए। र, अन्ततः आफ्नै देश फर्किन निर्णयमा अधिकांश पुगेका छन् । यसले मुलुकमा अझ ठूलो आर्थिक मन्दी ल्याउने देखिन्छ।

कोरोना महामारी, आर्थिक मन्दीका कारण शिथिल बनेको मुलुक जेनजी आन्दोलनका कारण झनै ग्रसित बनेको छ । मुलुक धेरैपछि धकेलिएको छ। यसको जिम्मेवार को ? आन्दोलन गर्न उकास्नेहरू किन जिम्मा लिन तयार छैनन् ? पहिले उकास्ने, अहिले पछि हट्ने । यस्तामाथि अब जनताले विश्वास गर्नुहुन्न ।

चुनावपछि गठन हुने सरकारले पनि केही गर्नसक्ने छैन । किनकि मुलुक ऋणैऋणमा छ । अहिले चुनाव पनि विदेशीसँग ऋण लिएरै गरिँदै छ । अनि ऋणबाट बन्ने सरकारले मुलुकलाई अघि बढाउन सक्छ त ? अब जनता आफैं सचेत बन्नुपर्छ। सोच विचार गरेर चुनावमा भोट हालौं।

\- **रूषा थापा**, भक्तपुर

# हिमाल पारि पनि प्रभावित हुँदैन निर्वाचन

**गण्डकी–** निर्वाचन आउन पाँच दिन बाँकी रहँदा गण्डकी प्रदेशअन्तर्गत हिमाल पारिका जिल्ला मनाङ र मुस्ताङमा चिसोका कारण निर्वाचन प्रभावित बन्न सक्ने आशंका रहे पनि ती क्षेत्रमा निर्वाचन सहजरूपमा हुने देखिएको छ ।

हिमपातका कारण केही स्थानमा मतदान केन्द्र सार्नुपर्ने भए पनि पछिल्ला समयमा मौसम न्यानो हुँदै गएकाले सम्बन्धित मतदान केन्द्रमा मतदान गर्नेगरी सहमति भएको प्रदेश निर्वाचन कार्यालय, पोखराका प्रमुख नारायण ढकालले जानकारी दिए ।

'मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको चार हजार ४०० मिटर उचाइ पार गरेर जानुपर्ने शाङ्ता गाउँ र चार हजार २०० मिटर उचाइमा रहेको मनाङको नार्पाभूमि गाउँपालिकाका नार र फू गाउँमा हिमपातका कारण मतदान केन्द्र सानुपर्ने देखिएको थियो,' उनले भने, 'हाल मौसम न्यानो हुँदै गएकाले बाटो खुलाएर सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने सहमति भएको छ ।'

उनका अनुसार गण्डकी प्रदेशमा तीन हजार मिटरभन्दा बढी उचाइ माथिका मतदान केन्द्र ५४ वटा छन् । तीमध्ये मुस्ताङमा २४, गोरखामा १५, मनाङमा १४ र म्याग्दीमा एउटा मतदान केन्द्र रहेका ढकालले जानकारी दिए । तीन हजार मिटरभन्दा माथि उचाइका मतदान केन्द्रमा खटिने कर्मचारीका लागि लागि आवश्यक पर्न सक्ने औषधिहरूकोसमेत तयारी गरिएको ढकालले जानकारी दिए ।

गण्डकी प्रदेश हिमाल र पहाड तराई तीनै किसिमका भूभाग समेटिएको क्षेत्र हो । यहाँ हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङसहित पहाडी जिल्ला कास्की, स्याङजाहुँदै तराईको जिल्ला नवलपुर समेटिएको छ ।

१८ वटा निर्वाचन क्षेत्र रहेको गण्डकीमा ३० जना स्वतन्त्र उम्मेदवारसहित २३४ जनाको उम्मेदवारी परेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख ढकालले जानकारी दिए । उनका अनुसार तीमध्ये २०५ पुरुष र २९ जना महिला उम्मेदवार छन् । प्रदेशमा सबैभन्दा बढी १८ दलले कास्कीमा उम्मेदवारी दर्ता गरेका छन् भने मनाङमा तीन दललेमात्र उम्मेदवारी दर्ता गरेका उनले उल्लेख गरे ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार गण्डकी प्रदेशमा कूल १८ लाख ७० हजार ६५ मतदाता रहेकामा पुरुषको संख्या नौ लाख १४ हजार ८००, महिलाको संख्या नौ लाख ५५ हजार २५१ र अन्य १४ जना रहेका छन् । प्रदेशमा निर्वाचनका लागि एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र निर्धारण गरिएको छ । उक्त केन्द्रमा १४ हजार ३५० जना कर्मचारी र सात हजार ६५ जना स्वयम्सेवक खटिने ढकालले जानकारी दिए ।

निर्वाचनका लागि प्रदेशका सबै जिल्लामा तयारी तीव्ररूपमा अघि बढेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । प्रदेशको राजधानी रहेको कास्की जिल्लामा निर्वाचनका सबै किसिमका तयारीलाई तीव्र रूपमा अघि बढाइएको मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले जानकारी दिए ।

जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जसमध्ये ४४ पुरुष र पाँच महिला उम्मेदवार रहेका छन् । जिल्लामा तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन् । जिल्लामा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र कायम गरिएको छ ।

मुख्य निर्वाचन अधिकृत बेलबासेका अनुसार जिल्लामा निर्वाचन आचारसंहिता पालना गराउने विषयलाई प्राथमिकताका साथ अघि बढाइएको छ । हालसम्म निर्वाचन आचारसंहिता उल्लंघनका सम्बन्धमा लिखित उजुरी नपरे पनि मौखिक उजुरी भने परेको उनले जानकारी दिए । मौखिक उजुरीहरूमा ध्वनि प्रदूषण, सरकारी झण्डा दुरूपयोग, भोजभतेर, निर्वाचन चिह्नको भौतिक प्रयोग, निर्वाचन चिह्न अंकित ब्याचको प्रयोग, पहिरन, २५ जनाभन्दा बढी संख्यामा घरदैलो आदि गरिएको उनले जानकारी दिए ।

प्राप्त उजुरीअनुसार उक्त उजुरीउपर कारबाही गरिएको उनले जानकारी दिए । जिल्लामा निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिइन् । उनका अनुसार निर्वाचनलाई लक्षित गरी चारवटै सुरक्षा निकायको एकीकृत परिचालन गरिएको छ । जिल्लाका मतदानस्थललाई सामान्य, संवेदनशील र अति संवेदनशीलमा वर्गीकरण गर्दै त्यहीअनुरूप सुरक्षा प्रबन्ध मिलाइएको छ ।

हालसम्म निर्वाचन विरोधी गतिविधिमा संलग्न भएको आरोपमा कास्कीबाट आठ जनालाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिए । नियन्त्रणमा लिइएकामध्ये तीन जनाविरुद्ध मुद्दा चलाइएको भन्दै पाँच जनामाथि अनुसन्धान भइरहेको उनले बताए । मतदानपछि मतपेटिका सुरक्षितरूपमा मतगणनास्थलसम्म ल्याउन प्रजिअकै नेतृत्वमा विशेष 'टास्क फोर्स' बनाइएको छ ।

उम्मेदवारहरूले निर्वाचन प्रयोजनका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था रहे पनि जिल्लाका ४९ जना उम्मेदवारमध्ये हालसम्म ४२ जनालेमात्रै खाता खोलेको प्रमुख कोष नियन्त्रक तथा अनुगमन अधिकृत रमेश अर्यालले जानकारी दिए ।

निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारले छुट्टै बैंक खाता खोलेर सोहीमार्फत खर्च गर्नुपर्ने प्रावधान रहेको उनले जानकारी दिए । उनका अनुसार खर्चको विवरण देखाउनका लागि ४५ जनाले सिफारिस लगेको भए पनि कर्जा सूचना केन्द्रको 'कालोसूची'मा परेका कारण दुई जना उम्मेदवारको बैंक खाता खुल्न सकेको छैन भने एक जना उम्मेदवारको नागरिकताको विवरण नमिलेका कारण खाता खुलेको छैन ।

अन्य चार जना उम्मेदवारले भने आफूहरूले पार्टीकै खाताबाट कारोबार गर्ने जिकिर गर्दै निर्वाचन आयोगको निर्देशन अटेर गरेको उनले जानकारी दिए । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी दल तथा उम्मेदवारले चुनाव प्रचारप्रसार तीव्र बनाएका छन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

## इपिएससम्बन्धी...

बैठकमा सचिव डा. काफ्लेले दुई देशबीचको श्रम सहकार्यको महत्त्वमाथि प्रकाश पार्नुका साथै कोरिया सरकारले नेपाली श्रमिकप्रति देखाएको विश्वास र नेपालको आर्थिक तथा सामाजिक विकासमा दक्षिण कोरिया सरकारले पुऱ्याएको योगदानप्रति धन्यवाद व्यक्त गरेको दूतावासले जानकारी दिएको छ ।

उक्त बैठकमा नेपालीपक्षबाट पछिल्लो समयमा कोरियन भाषा तथा सीप परीक्षा उत्तीर्ण युवाहरूद्वारा विभिन्न माध्यमबाट व्यक्त हुँदै आएको चासोको विषय प्रस्तुत गरिएको थियो । जसमा कोरियाली उपमन्त्रीले आफूहरू जानकार रहेको जवाफ दिएको बताइएको छ ।

यसैगरी नेपालीपक्षबाट रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारीको नवीकरण, इपिएसअन्तर्गत दक्षिण कोरिया सरकारले नेपाललाई उपलब्ध गराउँदै आएको कोटामा वृद्धि, नेपाली श्रमिकहरूको कोरिया पुनः प्रवेश प्रणालीमा सुधार, हाल नेपाली श्रमिकहरूलाई उपलब्ध हुँदै आएको रोजगारीका क्षेत्रहरूको विस्तारको विषय पनि राखेको दूतावासले जानकारी दिएको छ ।

'नेपाली श्रमिकहरूको भाषा तथा सीप विकासमा दुई देशबीच आपसी सहकार्य, नेपाली श्रमिकहरूको कार्यस्थल सुरक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षालगायतका कल्याणकारी कार्यहरूको विस्तार एवं सुदृढीकरण गर्ने विषय र कोरियाबाट फर्किएका नेपाली श्रमिकहरूको पुनःएकीकरणलगायतका विषयहरू प्रस्तुत गरिएको थियो,' दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## मध्यपूर्वको...

युरोपेली संघ (इयू) की प्रमुख उर्सुला भोन डेर लेयनले अमेरिकाले इरानका आणविक क्षेत्रहरू 'निशाना' रहेको संकेत गरेपछि आणविक सुरक्षा सुनिश्चित गर्नु 'महत्त्वपूर्ण' भएको बताएकी छन् । नर्वेका विदेशमन्त्रीले इरानमाथि इजरायलको आक्रमणले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको तर्क गर्दै पूर्वयोजनामा भएको आक्रमणले अनपेक्षित खतरा निम्त्याएको बताएका छन् ।

भारतको विदेश मन्त्रालयले सबै राज्यहरूको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गरिनुपर्नेमा जोड दिँदै वार्ता र कूटनीतिलाई पछ्याउनुपर्ने बताएको छ । बेलायत, फ्रान्स र जर्मनीले संयुक्त रूपमा इरानको जवाफी आक्रमणको निन्दा गरेका छन् भने बेलायत सरकारले पनि स्थिति 'व्यापक क्षेत्रीय द्वन्द्व' मा परिणत हुन सक्ने चिन्ता व्यक्त गरेको छ ।

ती देशहरूले उनीहरूमध्ये कसैले पनि अमेरिका-इजरायल कारबाहीमा भने भाग लिएका थिएनन् । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले 'खतरनाक' तनाव रोक्न आग्रह गर्दै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को तत्काल बैठक बोलाएका छन् ।

लेबनानका प्रधानमन्त्री नवाफ सलामले आफ्नो देशलाई युद्धमा नतान्ने बताएका छन् । इरानका अन्तिम राजाका छोरा तथा तेहरानको वर्तमान् सत्ताका प्रखर आलोचक रेजा पहलवीले आक्रमणपछि अन्तिम जित नजिक रहेको दाबी गरेका छन् । 'हामी सबै मिलेर इरानलाई फिर्ता लिन र पुनर्निर्माण गर्न सक्छौं,' अमेरिकामा निर्वासित जीवन बिताइरहेका पहलवीले भने ।

इजिप्टको विदेश मन्त्रालयले अरब राष्ट्रहरूको एकता र क्षेत्रीय अखण्डताको सुनिश्चितताका लागि जोड दिएको छ । इजिप्टले अरब राष्ट्रहरूको एकता र क्षेत्रीय अखण्डतालाई लक्षित गर्ने इरानको कदमप्रति कडा निन्दा गरेको छ । टर्कीको विदेश मन्त्रालयले द्वन्द्वले 'यस क्षेत्रको भविष्य र विश्वव्यापी स्थिरतालाई खतरामा पारेको' भन्दै 'सबै पक्षलाई तुरुन्त सत्रुता रोक्न' आग्रह गरेको छ ।

जोर्डनको सरकारले तनाव कम गर्न आग्रह गरेको छ र चेतावनी दिएको छ कि यसले 'आफ्नो सबै शक्तिका साथ' राज्यको हितको रक्षा गर्ने छ । एक सरकारी प्रवक्ताले देश द्वन्द्वको हिस्सा नभएको बताएका छन् ।

प्यालेस्टिनी लडाकू समूह र इरानको सहयोगी हमासले तेहरानमाथि अमेरिका र इजरायलको 'आक्रमण' को निन्दा गरेको छ र यसलाई 'सम्पूर्ण क्षेत्रमा प्रत्यक्ष आक्रमण' भनेको छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले इरानमाथि भएको आक्रमणले इरानी जनताका लागि तेहरानमा रहेको 'आतंकवादी शासन'लाई सत्ताच्युत गर्ने अवसर सिर्जना गरेको बताएका छन् । *रासस⁄एएफपी*


**Barju Rural Municipality**

**Office of Rural Municipal Executive**

**Amahibelha, Sunsari**

**Invitation for Seal Quotation**

**Second Date of publication: 1st March 2026**

The Barju Rural Municipality invites sealed quotations for the construction of KRISHI BAZAAR SET NIRMAN WADA NO. 6 .Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari *or may visit PPMO website www.bolpatra.gov.np.*

| S.N | Name of Project & Contract ID. No. | Total Estimated Amount NRs. Exc. Vat & Contingencies | Bid Document Amount Nrs. | Last Date & Time of Bid Document submission | Bid Opening Date and Time | Bid Validity Period | Bid Security Amount Nrs. | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KRISHI BAZAAR SET NIRMAN WADA NO. 6 BRM/SUNSARI/SQ/ WORKS/01/2082/83-RE | 13,20,161.60 | 1,000.00 | 16th March 2026 (12:00 Hrs) | 16th March 2026 (14:00 Hrs) | 45 days from the last date of bid submission | 39,000.00 | 30 days beyond the validity period of the bid |

**Chief Administrative Officer**



**Indrasarowar Rural Municipality**

**Office of Municipal Executive**

**Kulekhani, Makawanpur**

**Invitation for Bids**

**Date of Publication: 2082/11/17B.S (01/03/2026A.D)**

1. *Indrasarowar Rural Municipality* invites electronic bids from eligible bidders for the *execution of below Mentioned works* under National Competitive Bidding procedures.

| S.N | Identification no: | Work Description | Total amount Without VAT and Contingencies | Bid security amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | IRM/NCB/W-11/ ROADS/2082/083 | *Construction and Improvement of Gaupalika Bypass Road* | Rs. **30,95,971.04** | Rs.80,000.00 | Rs.3,000 |
| 2 | IRM/NCB/W-12/ BUILDING/2082/083 | *Infrastructural Improvement of APF base Camp Kulekhani,Hebi.* | Rs.8,84,557.55 | Rs.25,000.00 | Rs.3,000 |

2. Information to deposit cost of bidding document and bid bond security in the bank.

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. For Bid Document Fee | Acc. Name: Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) Acc. No. 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Ac. Name: Sthaniya Taha Dharauti Khata(Indrasarowar Ga Pa) Acc. No. 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarowar Branch, Makawanpur | |

3. Information to submission of bid

| | |
|---|---|
| Last date and time of Bid Submission | 31/03/2026( 2082/12/17 B.S.) at 12:00 NOON |
| Date and Time Bid Opening | 31/03/2026( 2082/12/17 B.S.) at 14:00 PM |
| Office | Indrasarowar R.M., Kulekhani, Makawanpur |

4. Eligible Bidder may obtain further information and bidding documents electronically at the website of Public Procurement Monitoring Office E-Gp System: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**

**(चावहिल काठमाडौं) को**

**नाममा रहेको स्थीर सम्पत्ति लिलाम बिक्री सम्बन्धि १० दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना**

**प्रकाशित मिति : २०८२/११/१७ गते आईतवार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको स्थीर सम्पत्ति घरजग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस संस्थाले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएकोछ ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाममा रहेको स्थीर सम्पतिको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | काठमाडौं जिल्ला कामपा वडा नं. ७, नगर ७/ थ<br>नक्सा सिट नं.१०२१०६७१२<br>कित्ता नं. ३०० र ३०२<br>क्षेत्रफल : कि.न.३००को ०-१०-३-० र कि.न. ३०२ को ०-२-२-१<br>(कुल जम्मा क्षेत्रफल ०-१३-१-१ क्षेत्रफल) मा रहेको घरजग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | रु.५००/ |

**लिलामका शर्तहरू:**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरूपी पाँच सय रूपैयामात्र)पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।

२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८२ साल फागुन २६ गते दिनको ३:००बजे भित्र मुख्यकार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।

३). शिलबन्दी बोलपत्र २०८२ साल फागुन २७ गते बुधवार दिनको २:००बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।

४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीयको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफ्नो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।

५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।

६). कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।

७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।

८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

९). अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८२/११/ २६ गते मंगलवार**

**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८२/११/ २७ गते बुधवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**

**स्थान : संस्थाको मुख्य कार्यालय चावहिलमा**

**समय : दिउँसो २:०० बजे**

**विस्तृत जानकारीको लागि**

कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं ।

फोन नं.: ०१-४५७८००६,४५६५१०२,४५६५२५६,४५६५२७४ मा सम्पर्क गर्नुहोला ।




## 'परालको आगो' अमेरिका र क्यानडामा सोल्ट आउट

सुशील पोखरेलको प्रस्तुतिमा निर्माण गरेको फिल्म 'परालको आगो' अमेरिका र क्यानडामा सोल्ट आउट भएको छ । निर्माण पक्षले फिल्मको फस्ट लुक्स सार्वजनिक गरेको दुई दिनमा नै बिक्री भएको हो । अमेरिका र क्यानडाका लागि चलचित्र इएनटीले किनेको हो । अमेरिका र क्यानडाका लागि फिल्मको प्रदर्शन अधिकारी बिक्री भएको निर्माता पोखरेलले बताए । 'हाम्रो फिल्मलाई अमेरिका र क्यानडामा प्रदर्शन अधिकार बिक्री गरिसकेका छौँ,' निर्माता पोखेलले भने, 'यो बाहेक अन्य देशमा पनि कुराकानी भइरहेको छ ।'






# राष्ट्रिय भावको गीत 'जोस जाँगर' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालबाट धेरै टाढा संयुक्त राज्य अमेरिकामा रहेका गायक रुजन सिवाकोटीले  जोस जाँगरसँग नेपाल बनाउनको लागि सही मान्छे छान्नु पर्ने कुरा आफ्नो नयाँ गीत 'जोस जाँगर'बाट अनुरोध गरेका छन् । यो संघीय सरकारको लागि नेपालको प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गरेको बेला जताततै राजनीतिक पार्टीहरूका चुनावी गीतहरू अहिले बज्ने गरेका छन् । तर यति बेला उनले पार्टी भन्दा देश माथि भन्ने कुरालाई मनन गर्दै यो गीत ल्याएका हुन् ।

केहीवर्षदेखि अमेरिकामा बस्दै आएका रुजनले यस अघि पनि त्यहाँबाट विभिन्न गीतहरू आफ्नो स्वरमा ल्याईसकेका छन् । रुजनले यो गीत आफ्नै 'रुजन सिवाकोटी' अफिसियल च्यानलबाट शुक्रवार बेलुका सार्वजनिक गरेका छन् । डिपी खनालले लेखेको यो गीतलाई देवेन्द्र बरालले संगीत गरेका हुन । हाम्रो स्टुडियोमा रेकर्ड गरिएको यो गीतलाई मिक्सिङ, मास्टरिङ विषम आचार्यले गरेका हुन् ।

यसपटक उनले यो गीतमा भाषण गर्ने मात्र हैन हामीलाई काम गर्ने हात चाहिन्छ भनेर आम नेपालीलाई झकझक्याएका छन् । यो गीतमा रुजनले नेपालीको शक्ति दुनियाँलाई देखाउनु छ, यो काम फुटेर नहुने र जुटेर गर्नु पर्ने पनि आफ्नो स्वरमा भनेका छन् । विश्वको माझमा नेपाल अघि बढाउनु पर्ने कुरा गीतमा उल्लेख छ । यो राष्ट्रिय भावले ओतप्रोत गीत रहेको छ ।

गीतको भिडियोमा आफैं गायकको रूपमा रुजन प्रस्तुत भएका छन् । स्थिर दृश्य प्रस्तुत गरिएको यो भिडियोमा राष्ट्रिय भाव र नेपाली जनजीवनका दृश्य तस्बिर प्रस्तुत गरिएको छ । भिडियोलाई रुजनसँगै अमिषा कटुवालले खिचेका हुन् । भिडियोलाई नहकुल खड्काले सम्पादन गरेका हुन् ।

यो गीतको भिडियोमा थुप्रै कलाकारहरू प्रस्तुत छन् । जसमा गणेश पाण्डे,सविता पाण्डे, रमेश अधिकारी, ईश्वर अधिकारी, भुवन सिवाकोटी, रविना सिवाकोटी, कृष्ण कटुवाल, उमा कटुवाल, विक्रान्त झा, ममता झा, मोती भण्डारी, सुगन्ध श्रेष्ठ, रूपेश थापा, कविता थापा, शोभा श्रेष्ठ, पूजा पाण्डे, लक्ष्मी भुसाल, सुजता सिवाकोटी, मैयाँ बुढाथोकी, लक्ष्मी काकी, रेखा खड्का, तारा अधिकारी, धन सिवाकोटी, सुनिल बुढाथोकी, शंकर दाहाल छन् । बाल कलाकारमा कट्रिना न्यौपाने, सौरभ केसी, सायरा केसी, सरुजा केसी, आरुज सिवाकोटी, अर्जन सिवाकोटी छन् ।

# सुष्माले ल्याइन् जेन–जी आन्दोलनसम्बद्ध गीत



■ प्रभाव संवाददाता

**काठमाडौं–** जेनजी आन्दोलनका बिषय समेटिएको वरिष्ठ सौन्दर्यविद् सुष्मा महराको शब्द तथा अभिनय रहेको देशभक्तिपूर्ण गीत 'म नेपाली हुँ, मेरो देश नेपाल' सार्वजनिक गरिएको छ । राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रममा जेनजी आन्दोलनका तीन सहित परिवार उदयपुरकी अम्बिका विश्वकर्मा (जसले बानेश्वर संसद भवन अगाडिको श्रीमान् गुमाइन), कीर्तिपुरका विष्णु बहादुर तामाङ (शहीद बुद्धि बहादुर तामाङका बुबा) र पार्वती अधिकारी(जसले आन्दोलनमा आफ्ना छोरा गुमाइन्) को उपस्थितीमा गीत सार्वजनिक गरिएको हो ।

गायक सत्यराज आचार्यको स्वर, वरिष्ठ सङ्गीतकार पुरुषोत्तम न्यौपानेको सङ्गीत र दीक्षित पौडेलको सङ्गीत संयोजन रहेको यस गीतले राष्ट्रियता, सामाजिक यथार्थ र देशको वर्तमान अवस्थालाई समेटेको छ। शक्ति प्रज्वल घिमिरेको निर्देशनमा तयार पारिएको भिडियोले देशको राजनीतिक र सामाजिक परिवेशलाई ऐना देखाउने प्रयास गरेको छ।

भिडियोमा एकातिर 'जेनजी' पुस्ता सडकमा अधिकारका लागि आन्दोलन गरिरहेका र रगत बगाइरहेका मार्मिक दृश्यहरू छन् भने, अर्कोतिर सत्ताको बागडोर सम्हालेका नेताहरू बन्द कोठामा कुर्सीको खेलमा व्यस्त रहेको देखाइएको छ। विशेष गरी आन्दोलनको क्रममा सडकमा छाडिएको रगत लतपतिएको जुत्तालाई भिडियोमा प्रतिकका रूपमा प्रयोग गरिएको छ। भिडियोमा गीतकार महरा जेनजी सहिदको आमाको रूपमा प्रस्तुत भएकी छन् । उनले सहिद भएपछि आमाले भोजेको दुःख महरा मार्फत देखाइएको छ ।

भिडियोका परिकल्पनाकार उज्वल जंग शाह हुन् । कार्यक्रममा शाहले आन्दोलनमा ज्यान गुमाउने युवाहरूको सम्मानमा भिडियो निर्माण गरिएको बताए । उनले भिडियो एक ऐतिहासिक दस्तावेज भएको बताउदै शहिदका सपना र वर्तमान व्यवस्थाको अवस्थाबारे आउँदो पुस्तालाई झक्झकाउने बताए ।

आफु पनि एक जेनजीको आमा भएकोबताउदै देशमा ७२ जना शहीद हुनु सामान्य कुरा नभएको बताइन् । उनले शान्तिपूर्ण परिवर्तन खोज्ने युवामाथि गोली बर्साइनु दुःखद भएको बताउदै युवाहरू काम खोज्दै विदेश पलायन भइरहेका छन्, तर सरकार र राजनीतिक नेतृत्व भने सत्ताकै लुछाचुँडीमा लागेको आरोप लगाइन् । महराले २३ र २४ गतेका घटनाहरूले आफूलाई यो गीत लेख्न प्रेरित गरेको समेत बताइन् ।

कार्यक्रममा उपस्थित शहीद परिवारले आन्दोलन र त्यसपछिको पीडा सुनाउँदै राज्यले घोषणा गरेको सहयोग समेत नपाएको गुनासो गरे । आफ्नो परिवारको सदस्य गुमाउँदाको पीडामा मल्हम लगाउनुको साटो राज्यले उपेक्षा गरेको उनीहरूको भनाइ थियो। राजेश घिमिरेको छायाङ्कन र सतिश श्रेष्ठको सम्पादन रहेको गीतले विविधतामा एकता र देश सुधारका लागि सबै नेपाली एकजुट हुनुपर्ने सन्देश दिएको छ ।

## विराट फिल्म एन्ड म्युजिक अवार्ड

# उत्कृष्ट कलाकार केकी र विजय

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता विजय बराल र अभिनेत्री केकी अधिकारी उत्कृष्ट कलाकार घोषित भएका छन् । राजधानीमा सम्पन्न 'विराट फिल्म एन्ड म्युजिक अवार्ड' मा केकीले 'बोक्सीको घर' र विजयले 'पूर्णबहादरको सारंगी' फिल्मबाट यो अवार्ड चुमेका हुन् ।

समारोहमा लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी' ले उत्कृष्ट फिल्मको अवार्ड हात पार्‍यो । नेपाली गीत-संगीत तथा चलचित्र क्षेत्रका स्रष्टालाई अवार्ड र सम्मान प्रदान गर्ने उद्देश्यले आयोजना हुँदै आएको 'विराट फिल्म एन्ड म्युजिक अवार्ड' यो पटक चौथो संस्करण चलचित्र विकास बोर्डको हलमा आयोजना भएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्री अनिलकुमार सिन्हाको प्रमुख आतिथ्यता तथा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीको विशेष आतिथ्यतामा सम्पन्न 'चौथो विराट फिल्म एन्ड म्युजिक अवार्ड-२०८२' मा ३६ वटा विधामा अवार्ड प्रदान गरियो । कार्यक्रम संयोजक सुरज पौडेलका अनुसार यस वर्ष सङ्गीततर्फ २४ विधा र चलचित्रतर्फ १२ विधा गरी जम्मा ३६ विधामा अवार्ड प्रदान गरिएको हो ।

सेलिब्रेटी नेपाल प्रतिष्ठानको आयोजनामा सम्पन्न अवार्डमा २०८१ सालमा प्रदर्शनमा आएका फिल्म तथा सार्वजनिक गीत-सङ्गीतलाई समावेश गरिएको थियो । अवार्डमा नगद २५,५५५ सहित 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' कलाकार तथा निर्देशक सुभाष गजुरेललाई र नगद ११,१११ सहित पत्रकारिता पुरस्कार कृष्ण भट्टराईलाई प्रदान गरियो ।

कार्यक्रमको अध्यक्षता सेलिब्रेटी नेपाल प्रतिष्ठानका अध्यक्ष  रघुनाथ सापकोटाले गरेका थिए । कार्यक्रममा लेखक तथा निर्देशक काजी लिम्बु, कलाकार श्रेया दुलाल, निर्माताद्वय सुनिता सापकोटा तथा रामनारायण उपाध्याय र विज्ञान श्रेष्ठलाई सम्मान गरिएको थियो ।

निर्देशक तथा सम्पादक रक्षासिंह राणा, छायाकार शिव ढकाल, गीतकार प्रमोद ढुंगाना, निर्देशक ऋषि लामिछाने, लेखक तथा निर्देशक अमरदीप सापकोटा र गायक नवीनकुमार पौडेल अवार्डका निर्णायक रहेका थिए



# प्रियालाई एसिया ट्रेल मास्टरको उपाधि




**काठमाडौं (प्रस)–** नेपाली अल्ट्रा रनर प्रिया राईले दोस्रो पटक एसिया ट्रेल मास्टर (एटीएम) को उपाधि जितेकी छन् । हङकङमा भएको एसिया ट्रेल मास्टरमा प्रियाले महिला ७२ किमीमा पहिलो हुँदै स्वर्ण जितेकी हुन् । प्रियाले ९ घण्टा ५७ मिनेटमा निर्धारित दूरी पूरा गरेकी थिइन् । हङकङकी मान यी चेउङ दोस्रो तथा सिंगापुरकी डेनिङ लो तेस्रो भए ।

प्रियाले लगातार दोस्रो पटक एसिया ट्रेल मास्टरको उपाधि जितेकी हुन् । उनले यसअघि सन् २०२४ मा पनि एसिया ट्रेल मास्टरको उपाधि जितेकी थिइन् । त्यसबेला नेपालबाट रशिला तामाङले तेस्रो हुँदै कांस्य जितेकी थिइन् ।

उनी दुई पटक एसिया ट्रेल मास्टर उपाधि जित्ने पहिलो नेपाली रनर हुन् । एसिया ट्रेल मास्टरको एक दशक लामो इतिहासमा उपाधि रक्षा गर्दै दुई पटक च्याम्पियन बन्ने प्रिया पहिलो धाविका हुन् ।

लगातार दोस्रो पटक एसिया ट्रेल मास्टर जितेपछि प्रियाले ट्रेल र मौसम कठिन भएको तर अन्य रनरबाट धेरै चुनौती नभएको प्रतिक्रिया दिइन् । दुई पटक एसिया ट्रेल मास्टर जित्दा प्रियाले एकदमै खुशी अनुभव भएको बताइन् ।

यस संस्करणमा नेपालबाट प्रियाबाहेक अन्य खेलाडी भने सहभागी हुन पाएनन् । भिसा समस्याका कारण अन्य खेलाडीहरू एसिया ट्रेल मास्टरमा सहभागी हुनबाट वञ्चित भएका थिए । यस्तै पुरुषतर्फ फिलिपिन्सका जोन रे ओनिफाले उपाधि जिते । सन् २०२३ मा पहिलो पटक च्याम्पियन बनेका ओनिफाले पनि दोस्रो पटक यो रेस जितेका हुन् ।

सन् २०१५ देखि सुरु भएको यस एसिया ट्रेल मास्टर्स अहिलेसम्म दुई नेपालीले जितेका छन् । नेपालबाट रशिला तामाङले सन् २०२३ मा पहिलो पटक उपाधि जितेकी थिइन् । प्रियाले केही समयअघि म्यानमारमा भएको कालाव अल्ट्रा ट्रेल रन अन्तर्गत ५० किमीमा स्वर्ण जितेकी थिइन् ।

खोटाङको ऐंसेलुखर्क गाउँपालिकाकी प्रिया राईले पछिल्लो समय अन्तर्राष्ट्रिय अल्ट्रा रेसहरूमा लगातार प्रतिस्पर्धा गर्दै उपाधिहरू जित्दै आएकी छन् । उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नियमित अल्ट्रा ट्रेल रेसहरूमा प्रतिस्पर्धा गरिरहेकी छन् । प्रियाले सन् २०२४ मा नेपालमा भएको मन्जुश्री ट्रेल रेस र जुम्ला रारा अल्ट्रा म्याराथनको उपाधि जित्दै एसिया ट्रेल मास्टरका लागि छनोट भएकी थिइन् । त्यसपछि उनले एसियामा लगातार आफ्नो दबदबा कायम राखेकी हुन् ।


## पुथा उत्तरगङ्गा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/११/१७

पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट मिति २०८२/१०/०७ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८२/१०/२२ गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| ठेक्का नं. | कामको विवरण | ठेक्का स्वीकृत भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.र र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/PURMO/SQ/WORKS/EW/2082/83-08 | Roadway excavation (cutting) in all kinds of soil along Garali & ndash; Chuma Road including dressing and disposal, complete. | M/S PaschimRukum ConstructionPvt.Ltd | रु १०,४२८९८.३५/- (अक्षरेपी:दस लाख बयालिस हजार आठ सय अन्ठान्नब्बे रुपैंया, पैतीस पैसा मात्र) | २९.०३% घटि |
| EGP/PURMO/SQ/WORKS/EW/2082/83-10 | Roadway Excavation and Cutting Works of Samje danda & ndash; Itriveni Road, Ward No. 13 | M/S PaschimRukum ConstructionPvt.Ltd | रु ८,९१,०६१.२५ /- (अक्षरेपी:आठ लाख एकान्नब्बे हजार एकसाठी रुपैंया, पचीस पैसामात्र) | ५.९९% घटि |
| EGP/PURMO/SQ/TG/LISP/GOODS/2082/83-01 | Procurement and supply of Different Construction Material and Electrical item and transport to Tamaghar Kholakhola and Ghoskarkhola as per instruction of office | M/S U.A. Builders Pvt. Ltd. | रु १९,४६,१७८.६६ /- (अक्षरेपी: उन्नाइस लाख छयालिस हजार एक सय अठहत्तर रुपैंया, छैसठी पैसामात्र) | २.५०% घटि |

प्रमुख प्रशासकीय अधिकृत



इजिप्टको कायरोमा रहेको पवित्र रमजान महिनामा अल-अजहर मस्जिदमा मानिसहरूले मगरिबको नमाजका लागि भोक तोड्ने आह्वानको प्रतीक्षामा भक्तजन । *तस्विर: सिन्हवा*

# जलालाबादमा पाकिस्तानी जेट खसालियो, पाइलट पक्राउ

जलालाबाद (अफगानिस्तान)- अफगानिस्तान र पाकिस्तानबीच चर्किंदै गएको सैन्य तनावबीच शनिबार जलालाबाद सहरमा एक पाकिस्तानी लडाकु जेट खसालिएको र त्यसका पाइलटलाई जीवित अवस्थामा नियन्त्रणमा लिइएको अफगान सुरक्षा निकायहरूले जनाएका छन् । घटनाले दुई देशबीचको द्वन्द्व थप गहिरिएको संकेत गरेको छ ।

प्रहरी प्रवक्ता तैयब हम्मादका अनुसार जलालाबाद सहरको प्रशासनिक क्षेत्र नम्बर ६ मा उडिरहेको पाकिस्तानी लडाकु जेटलाई गोली हानी खसालिएको थियो । 'जेट खसालिएपछि पाइलटलाई जिउँदै समातिएको छ,' उनले भने । पूर्वी अफगानिस्तानस्थित सेनाका प्रवक्ता वाहिदुल्लाह मोहम्मदीले पनि अफगान सेनाले जेट खसालेको र पाइलटलाई नियन्त्रणमा लिएको पुष्टि गरे ।

एएफपीका एक पत्रकारले जेटको तीव्र आवाज जलालाबादमाथि सुनिएको र त्यसपछि सहरको विमानस्थलतर्फबाट दुईवटा शक्तिशाली विष्फोटको आवाज आएको बताएका छन् । घटनास्थल वरपर सुरक्षा व्यवस्था कडा पारिएको छ ।

यस विषयमा प्रतिक्रिया माग्दा पाकिस्तानको सेना र सूचना मन्त्रालयले तत्काल कुनै टिप्पणी दिएका छैनन् । पछिल्लो समय सीमा क्षेत्रमा बढ्दो झडप र हवाई कारबाहीले दुवै देशबीचको सम्बन्ध तनावपूर्ण बनेको छ ।



यसअघि पाकिस्तानले शुक्रबार अफगानिस्तानको राजधानी काबुल तथा दक्षिणी सहर कान्दाहारमा हवाई आक्रमण गरेको थियो । कान्दाहार तालिबान सर्वोच्च नेता हिबतुल्ला अखुन्दजादाको आधार क्षेत्र मानिन्छ । अफगान पक्षका अनुसार बिहीबार राति अफगान सेनाले पाकिस्तानविरुद्ध सीमा क्षेत्रमा कारबाही सुरु गरेपछि हवाई आक्रमण भएको हो । तालिबान सरकारले भने उक्त कदमलाई अफगान भूमिमा पहिले गरिएको पाकिस्तानी आक्रमणको प्रतिउत्तर भएको बताएको छ ।

नयाँ घटनाक्रमले क्षेत्रीय सुरक्षामा थप अनिश्चितता ल्याएको छ र दुवै पक्षबीचको सैन्य गतिविधि अझै बढ्न सक्ने संकेत गरेको छ । *रासस/एएफपी*

# ट्रम्पको अपिलबीच तेहरानमा आक्रमण

**दुबई–** इरानविरुद्ध संयुक्त राज्य अमेरिका र इजरायलले शनिबार सैन्य आक्रमण सुरु गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी जनतालाई 'आफ्नो सरकार लिन' अपिल गरेका छन् । राजधानी तेहरानमा सर्वोच्च नेता अयातुल्ला अली खामेनीको कार्यालय नजिकै पहिलो स्पष्ट आक्रमण भएको रिपोर्ट आएको छ । त्यसपछि सहरका विभिन्न भागबाट धुवाँ उडेको देखिएको छ ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियो सन्देशमा अमेरिकाले 'इरानमा प्रमुख लडाइँ अपरेसनहरू' सुरु गरेको बताए । उनले इरानले आणविक कार्यक्रम विस्तार गर्दै अमेरिकासम्म पुग्न सक्ने क्षेप्यास्त्र विकासको योजना बनाएको दाबी गरे । यसैबीच, ८६ वर्षीय खामेनी आक्रमणका बेला कार्यालयमा थिए कि थिएनन् भन्ने स्पष्ट भएको छैन । अमेरिकासँग बढ्दो तनावका कारण उनी केही दिनयता सार्वजनिकरूपमा देखिएका थिएनन् ।



आक्रमण अमेरिकाले इरानमाथि आणविक सम्झौताका लागि दबाब बढाउँदै क्षेत्रमा लडाकु जेट र युद्धपोतहरू तैनाथ गरिरहेको अवस्थामा भएको हो । इजरायली अभियानमा इरानी सेना, सरकारी प्रतीक तथा गुप्तचर संरचनाहरू लक्षित गरिएको एक अधिकारीले नाम नखुलाउने सर्तमा बताएका छन् ।

तेहरानमा खामेनीको कम्पाउण्ड जाने सडकहरू बन्द गरिएका छन् भने राजधानीभर अन्य विष्फोटका आवाज सुनिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । इरानी राज्य टेलिभिजनले विष्फोटको पुष्टि गरे पनि विस्तृत विवरण दिएको छैन । इरानले आफ्नो हवाई क्षेत्र बन्द गरेको छ र मोबाइल सेवा पनि अवरुद्ध गरिएको छ । छिमेकी इराकले पनि हवाई क्षेत्र बन्द गरेको यातायात मन्त्रालयले जनाएको छ ।

इजरायलभर साइरन बजाइएको छ र सम्भावित क्षेप्यास्त्र प्रहारका लागि जनतालाई सतर्क रहन चेतावनी दिइएको छ । इजरायलका अस्पतालहरूले आकस्मिक प्रोटोकल लागू गर्दै बिरामी र शल्यक्रियालाई भूमिगत सुविधामा सार्ने तयारी गरेका छन् । इजरायलले आफ्नो हवाई क्षेत्र पनि बन्द गरेको जनाएको छ ।

इजरायली रक्षामन्त्री इजरायल काट्जले आक्रमण 'धम्की हटाउने' उद्देश्यले गरिएको बताएका छन्, यद्यपि विस्तृत विवरण सार्वजनिक गरिएको छैन । *रासस/एपी*

## मध्यपूर्वमा क्षेत्रीय तनाव उच्चस्तरमा

**तेल अभिव (इजरायल)–** इरानले शनिबार इजरायलका साथै खाडी राष्ट्रहरूमा क्षेप्यास्त्र प्रहार गरेको छ । इरानले कतार, कुवेत, बहराइन र युएईस्थित अमेरिकी सेनाको बेसमा क्षेप्यास्त्र आक्रमण गरेको हो । उक्त आक्रमणले मध्यपूर्वमा बढ्दो तनावलाई नयाँ उच्चस्तरमा पुर्‍याएको छ ।

इजरायली रक्षा बल (आइडिएफ) ले प्रहार पुष्टि गर्दै आफ्नो मिसाइल रक्षा प्रणाली सक्रिय गरेको र प्रभावित क्षेत्रका नागरिकहरूलाई तत्काल आश्रय लिन मोबाइल अलर्टमार्फत निर्देशित गरिएको बताएको छ । आइडिएफले शनिबार भन्यो, 'केही समयअघि हामीले इरानबाट प्रहार भएका क्षेप्यास्त्रहरू पहिचान गरेका थियौं । जोखिम रोक्न रक्षात्मक प्रणाली सञ्चालनमा छन् ।' यो घटना क्षेत्रमा बढ्दो सैन्य तनाव र इरान र अन्य देशबीच हप्तौंसम्म चलिरहेको उच्च-जोखिम आणविक वार्ताको बीचमा भएको हो ।

प्रत्यक्ष आक्रमणको पूर्णदायरा अझै मूल्यांकन भइरहेको भए पनि यसले दुई देशबीच व्यापक द्वन्द्वमा महत्त्वपूर्ण प्रतिशोधात्मक कदमको संकेत गरेको विश्लेषकहरूले बताएका छन् । भारत सरकारले आफ्नो नागरिकलाई अत्यधिक सावधानी अपनाउन, घरभित्रै रहन र अनावश्यक गतिविधिबाट बच्न चेतावनी दिएको छ ।

तेहरानस्थित भारतीय दूतावासले पहिले नै सुरक्षा सल्लाह जारी गर्दै आवश्यक अवस्थामा ओमान वा अन्य सुरक्षित देशतर्फ यात्रा गर्न सुझाएको छ । यसैबीच, इजरायलले देशव्यापी आपतकाल घोषणा गरी अस्पतालहरू भूमिगत सार्न र साइरन सक्रिय गर्न आदेश दिएको छ । इरान, इजरायल र इराकले आफ्ना हवाई क्षेत्र बन्द गरेका छन् भने सबै व्यावसायिक उडान स्थगित भएका छन् ।

इरानका अधिकारीहरूले अघिल्लो दिन इजरायल र अमेरिकाद्वारा सुरु गरिएको संयुक्त सैन्य आक्रमणको जवाफमा 'क्रूर प्रतिक्रिया' दिने चेतावनी दिएका थिए । इजरायलले रोइङ लायन नामक संयुक्त अपरेसनमार्फत इरानको सेना, मिसाइल उत्पादन सुविधा र सर्वोच्च नेता आयातुल्लाह अली खामेनीको कार्यालय नजिकका क्षेत्रहरूलाई लक्षित गरेको थियो ।

प्रत्यक्षदर्शीहरूले तेहरानमा शक्तिशाली विष्फोट सुनेको बताएका छन्, र राजधानीका धेरै साइटहरूमा तनाव बढेको छ । वर्तमान परिस्थितिले व्यापक क्षेत्रीय द्वन्द्वको डर बढाएको छ र अन्तर ाष्ट्रिय समुदायले नजिकबाट निगरानी राखिरहेको छ । *रासस/एएनआई*

## इस्टर बमकाण्डः

# पूर्वगुप्तचर प्रमुख ९० दिन हिरासतमा

**कोलम्बो–** सन् २०१९ को इस्टर बम विष्फोट प्रकरणमा महत्त्वपूर्ण मोड आएको छ । २७९ जनाको ज्यान गएको र करिब ५०० जना घाइते भएको उक्त भीषण आक्रमणको अनुसन्धानअन्तर्गत श्रीलंकाका पूर्वगुप्तचर प्रमुखलाई ९० दिनसम्म हिरासतमा राखेर सोधपुछ गर्न अनुमति दिइएको छ । यस कदमले लामो समयदेखि विवाद र प्रश्नले घेरिएको घटनाको अनुसन्धानलाई नयाँ दिशातर्फ मोड्ने संकेत गरेको छ ।

राष्ट्रपति अनुरा कुमार दिसानायकले आतंकवाद रोकथाम ऐन (पिटिए) अन्तर्गत सेवानिवृत्त सेनाका मेजर जनरल सुरेश सल्लेलाई प्रारम्भिक तीन दिनपछि थप ९० दिन हिरासतमा राख्न हिरासत आदेशमा हस्ताक्षर गरेको हो । प्रहरी प्रवक्ताका अनुसार उक्त आदेशमा राष्ट्रपतिले हिजो राति हस्ताक्षर गरेको थियो । पिटिएअनुसार प्रहरीले कुनै आरोप नलगाई तथा न्यायिक समीक्षाविना नै संदिग्धलाई लामो समयसम्म हिरासतमा राख्न सक्ने प्रावधान छ र यस ऐनअन्तर्गत हिरासतमा राखिएका व्यक्तिलाई अदालतले जमानत दिन सक्दैन ।

आपराधिक अनुसन्धान विभागका अधिकारीहरूले बुधबार सल्लेलाई पक्राउ गरेका थिए । बम विष्फोटसम्बन्धी लामो समयदेखि चलिरहेको अनुसन्धानमा उनी हालसम्म पक्राउ परेका सबैभन्दा उच्च पदस्थ अधिकारी मानिएका छन् । अनुसन्धान टोलीले घटनापूर्व सुरक्षा संयन्त्रको भूमिका, खुफिया सूचना आदानप्रदान तथा सम्भावित लापरवाहीबारे विस्तृतरूपमा सोधपुछ गर्ने तयारी गरेको जनाएको छ ।

अप्रिल २१, २०१९ मा नौ आत्मघाती बमवर्षकहरूले दुई रोमन क्याथोलिक चर्च, एक इभाञ्जेलिकल प्रोटेस्टेन्ट चर्च तथा तीन लक्जरी होटललाई लक्षित गरी समन्वित आक्रमण गरेका थिए । मारिनेहरूमा ४५ जना विदेशी नागरिकसमेत रहेका थिए । उक्त आक्रमण श्रीलंकाको पछिल्लो इतिहासकै सबैभन्दा रक्तपातपूर्ण घटनामध्ये एक मानिन्छ ।

यसैबीच, विपक्षी दलहरूले सल्लेको गिरफ्तारीलाई राजनीतिक प्रतिशोधको कदम भन्दै आलोचना गरेका छन् । उनीहरूले यसलाई राजनीतिक प्रतिशोधपूर्ण अभियानको संज्ञा दिँदै निष्पक्ष अनुसन्धानको माग गरेका छन् । तर पीडितका लागि न्यायको माग गर्दै अभियान चलाइरहेको श्रीलंकाको क्याथोलिक चर्चले भने गिरफ्तारीको स्वागत गरेको छ । चर्चले राजनीतिक हस्तक्षेपविना अनुसन्धान अघि बढाउनुपर्ने धारणा सार्वजनिक गरेको छ ।

चर्चले यसअघि पूर्वराष्ट्रपति गोटाबाया राजापाक्ष सत्तामा आएपछि बम विष्फोटसम्बन्धी प्रहरी अनुसन्धानलाई प्रभावित बनाएको आरोप लगाएको थियो । आक्रमणको दुई दिनपछि सेवानिवृत्त सेना अधिकारी राजापाक्षले आफ्नो उम्मेदवारी घोषणा गरेको थियो र इस्लामवादी चरमपन्थ उन्मूलन गर्ने प्रतिबद्धतासहित नोभेम्बरको राष्ट्रपतीय चुनाव जितेका थिए ।

नयाँ गिरफ्तारीसँगै इस्टर बमकाण्डको सत्य उजागर हुने अपेक्षा फेरि बलियो बनेको छ । पीडित परिवार र सर्वसाधारणले लामो समयदेखि निष्पक्ष छानबिन र जवाफदेहिताको माग गर्दै आएका छन् र अहिलेको कदमले त्यो मागलाई सम्बोधन गर्ने प्रयासका रूपमा हेरिएको छ । *रासस/एएफपी*

# किमले बाँडे राइफल उपहार, छोरी फेरि केन्द्रमा

**सियोल–** उत्तर कोरियाली नेता किम जोङ उनले सत्तारूढ वर्कर्स पार्टीको साताव्यापी महाधिवेशनपछि शीर्ष सरकारी तथा सैन्य अधिकारीहरूलाई नयाँ स्नाइपर राइफल उपहार दिएका छन् । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा उनकी किशोर छोरीको उपस्थितिलाई विशेष रूपमा देखाइएको छ, जसले उत्तराधिकारीसम्बन्धी अड्कलबाजीलाई पुनः बल दिएको छ ।

कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमले शुक्रबार पार्टी र सेनाका वरिष्ठ अधिकारीहरूलाई राइफल हस्तान्तरण गर्दै सन् २०२१ को अघिल्लो महाधिवेशनयता पाँच वर्षको अवधिमा देखाएको प्रतिबद्धताप्रति 'पूर्ण विश्वास' र कृतज्ञता व्यक्त गरेको बताइएको छ । सुटिङ रेञ्जमा आयोजित कार्यक्रममा किम यो जोङसहित अन्य उच्च अधिकारीहरूले राइफल परीक्षण गरेको तस्बिर सार्वजनिक गरिएको छ ।

रिपोर्टले किमकी बहिनी किम यो जोङ हाल पार्टीको केन्द्रीय समितिको सामान्य मामिला निर्देशकको जिम्मेवारीमा रहेको पुष्टि गरेको छ । उनले पछिल्ला वर्षहरूमा वासिङ्टन र सियोलप्रति कडा धारणा राख्दै प्रवक्ताको भूमिका निर्वाह गर्दै आएका थिए । नयाँ जिम्मेवारीले पार्टीको आन्तरिक प्रशासन र सञ्चालनमा उनको प्रभाव विस्तार भएको संकेत गर्दछ ।

तस्बिरहरूमा किमकी छोरी पनि राइफल समातेको देखिएकी छन् । नोभेम्बर २०२२ मा अन्तरमहादेशीय मिसाइल परीक्षणका क्रममा पहिलोपटक सार्वजनिक रूपमा देखिएकी किम जु ए त्यसयता विभिन्न सैन्य प्रदर्शन, औद्योगिक कार्यक्रम र कूटनीतिक भेटघाटमा बुबासँगै देखिँदै आएकी छन् । हाल करिब १३ वर्षकी मानिने उनलाई उत्तराधिकारी बनाउने तयारीबारे दक्षिण कोरियाली अधिकारीहरूले चासोपूर्वक निगरानी गर्दै आएका छन् ।

सन् २०१६ यता प्रत्येक पाँच वर्षमा आयोजना हुँदै आएको पार्टी महाधिवेशन बुधबार प्योङयाङमा सम्पन्न भएको थियो । बैठकमा किमले उत्तर कोरियाको आणविक शस्त्र कार्यक्रमलाई तीव्रता दिने योजनामा दोहोर्‍याएर जोड दिएका थिए । साथै, दक्षिण कोरियाप्रति कडा नीति कायम राख्दै संयुक्त राज्य अमेरिकासँग वार्ताको ढोका खुला रहेको संकेत गरेको थियो, तर आणविक निशस्त्रीकरणलाई पूर्वशर्त नबनाउन आग्रह दोहोर्‍याएका थिए ।

दक्षिण कोरियाको जासुसी निकायले यसै महिना किम जु एलाई उत्तराधिकारीका रूपमा औपचारिकरूपमा अघि सार्ने सम्भावना रहेको अनुमान सार्वजनिक गरेको थियो । यद्यपि उनी महाधिवेशनका औपचारिक बैठकहरूमा सहभागी देखिएकी थिइनन् । पार्टी नियमअनुसार औपचारिक पदका लागि कम्तीमा १८ वर्ष उमेर आवश्यक हुने भएकाले तत्काल त्यस्तो घोषणा नभएको संकेत गरिएको छ ।

महाधिवेशनपछिको राज्य मिडिया रिपोर्टमा 'हाम्रो पार्टीको गौरवशाली उत्तराधिकार र विकास सुनिश्चित गर्ने ठोस आधारशिला' राखिएको उल्लेख गरिएको छ । विश्लेषकहरूले यसलाई भावी उत्तराधिकारबारे अप्रत्यक्ष सन्देशका रूपमा व्याख्या गरेका छन् । *रासस/एपी*


**सिलीचोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ताम्कु, संखुवासभा, कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/११/१७ गते**

यस कार्यालयबाट मिति २०८२/०९/२५ गते मध्यान्ह दैनिकमा प्रकाशित सूचना अनुसार रीतपुर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका वोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियामावली, २०६४ (संसोधन सहित) नियम ३१(ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मुल्याङकन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | आयोजनाको नाम/ ठेक्का संकेत नं. | प्राविधिक प्रस्तावबाट सारभूत प्रभावग्राही रहेको बोलपत्रदाता | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1. | Construction of Bakhultum Bailey Bridge Project NCB-SRM-BB-5-082/83 | 1) M/S RIDARC / Hemlok / Nabin JV, Nakhu, Lalitpur.<br>2) M/S Mamata Enterprises and Construction Pvt. Ltd.,Lokanthali-16, Bhaktpur | सिलीचोङ गाउँपालिका<br>मिति : २०८२/११/२७<br>समय : दिनको १३:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३१४९०० | प्रति तोला – ० | प्रति तोला – ५७४० |



**नदीकिनारमा प्याजखेती** | कैलालीको टीकापुर नगरपालिका-८ कर्णाली नदी किनारमा किसानले गरेको प्याजखेती र पृष्ठभूमिमा पुल। नदीले बनाएको बालुवाका टापुमा बिगत वर्षदेखिनै किसानले प्याजखेती गर्दै आएका छन्।
*तस्बिर : झलनाथ खनाल/रासस*

# बजेट सुझाव समितिका यस्ता छन् कार्यादेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– १६ फागुनः अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि आवश्यक प्रक्रिया सुरु गरेको छ। बजेट निर्माणका विभिन्न समयसीमा र निर्धारित कार्यसूचीअनुसार राजस्व परामर्श समिति गठन गरिएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए।

उक्त समितिले सरकारलाई अर्थतन्त्र र आगामी बजेटमा समावेश गर्नुपर्ने विषयमा सुझाव दिनेछ। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको गत माघ २८ गतेको निर्णयबाट अर्थ मन्त्रालयका सचिव (राजस्व)को संयोजकत्वमा राजस्व परामर्श समिति गठन भई समितिले आफ्नो कार्य प्रारम्भ गरेको छ।

उक्त समितिले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, इ कमर्समा लागाइने कर तथा आर्थिक ऐनबमोजिम लगाइने अन्य आन्तरिक करसम्बन्धी नीतिगत र कानुनी सुधारका विषयमा सुझाव दिनेछ। समितिले कर तथा गैरका दरहरूको पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार, समग्र राजस्व प्रशासन र संगठन संरचनामा गरिनुपर्ने सुधारका विषयमा राय दिने मन्त्रालयले जनाएको छ।

औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत र कानुनी सुधार, प्रक्रियागत सरलीकरण र कर तथा गैर कर प्रोत्साहनसमेतका विषयमा पनि समितिले आवश्यक सुझाव दिनेछ।

समितिले भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादनलाई भन्सारका दरमार्फत संरक्षण गर्नुपर्ने देखिएमा सोको विश्लेषण, मूल्यांकन प्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण, भन्सारसम्बन्धी ऐन नियममा गर्नुपर्ने सुधार, भन्सारसम्बन्धी प्रशासन र संगठन संरचनामा सुधार सीमा व्यवस्थापनका विषयमा राय दिनेछ।

यस्तै, राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान, सम्पत्ति शुद्धीकरण अनुसन्धान, विदेशी विनिमय नियमन तथा आर्थिक अपराध नियन्त्रणका लागि गर्नुपर्ने कानुनी एवं सङ्गठनात्मक सुधारका विषयमा आवश्यक राय समितिले दिनेछ।

कृषि, कृषि उत्पादन तथा व्यवसायीकरण, विद्युत् तथा ऊर्जा, पर्यटन प्रवर्द्धन तथा नागरिक उ•यन, र प्राकृतिक स्रोतसाधनको संरक्षण एवं व्यवस्थापन सम्बन्धमा गरिनुपर्ने सुधारका बारेमा सरकारलाई समितिले सुझाव दिनेछ।

त्यस्तै, बैंक, वित्तीय संस्था, बिमा, पुँजी बजार, सहकारी, आर्थिक नीति तथा घरजग्गा कारोबार देखिएका समस्या एवं समाधानका उपायका विषयमा सुझाव प्रदान गर्नेगरी समितिको कार्यक्षेत्र तोकिएको छ।

समितिले सरकारका विभिन्न निकायबाट उठाइने गैर कर राजस्वको क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकनसम्बन्धी विषय र संघ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएका दोहोरोपना, अन्तरसरकारी कर प्रणाली व्यवस्थापन गर्ने विषय, राजस्व बाँडफाँटसम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार र यस क्षेत्रमा भएका समस्या तथा समस्या समाधानका उपायका विषयमा सुझाव प्रदान गर्नेछ।

समितिको पहिलो बैठकबाट सम्बन्धित निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय संस्था एवं सर्वसाधारणबाट सुझाव आह्वान गरिएको छ। राजस्व परामर्शका लागि गठन भएका उपसमितिहरूले समितिसमक्ष आगामी चैत मसान्तसम्म र समितिले अर्थमन्त्रीसमक्ष मिति २०८३ वैशाख मसान्तभित्र सिफारिससहितको प्रतिवेदन बुझाउने समयसीमा तोकिएको छ।

# २८ खर्ब ५८ अर्ब सरकारी ऋण तिर्न बाँकी

**काठमाडौं (प्रस)**– तिर्न बाँकी सरकारी ऋण साढे २८ खर्ब नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत माघ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकामा माघ मसान्तसम्ममा रु एक खर्ब ८४ अर्ब ९३ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु २८ खर्ब ५८ अर्ब ९७ करोड पुगेको छ। जुन कुल गार्हस्थ्य उत्पादनको ४६ दशमलव ८१ प्रतिशत रहेको कार्यालयले जनाएको छ।

हालसम्म तिर्न बाँकी ऋणमध्ये आन्तरिक ऋण दायित्व रु १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्य ऋण दायित्व रु १५ खर्ब नौ अर्ब ८४ करोड रहेको छ। कुल सार्वजनिक ऋणमा माघ मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ८१ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव १९ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षमा सरकारले रु पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा माघ मसान्तसम्ममा रु दुई खर्ब ५५ अर्ब ४८ करोड प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति ४२ दशमलव ८९ प्रतिशत हो।

यस वर्ष आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने सरकारी लक्ष्य रहेकामा ६० दशमलव १३ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ६६ करोड उठिसकेको छ भने रु एक खर्ब ४४ अर्ब ३३ करोड प्राप्ति हुन बाँकी छ।

त्यस्तै, बाह्य ऋणतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत अर्थात् रू ३७ अर्ब ८१ करोड प्राप्त भइसकेको छ भने रु एक खर्ब ९५ अर्ब ८४ करोड प्राप्त हुन बाँकी रहेको छ।

त्यस्तै, सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले यस वर्ष रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा माघ मसान्तसम्ममा रु दुई खर्ब तीन अर्ब ६५ करोड भुक्तानी भइसकेको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ४९ दशमलव ५५ प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनका आधारमा माघ मसान्तसम्ममा कुल ऋण सेवा खर्च तीन दशमलव ३३ प्रतिशत रहेको छ।

# 'गुगल वर्कस्पेस' परीक्षणमा सहयोग गर्दै टेलि डिजिटल




**काठमाडौं (प्रस)**– नेपालमा गुगल वर्कस्पेस अधिकृत प्रत्यक्ष रिसेलर रहेको टेली डिजिटल सर्भिसेस प्रालिले अनधिकृत गुगल वर्कस्पेस सदस्यतासँग सम्बन्धित खाता निलम्बनका घटनाहरू बढ्दै गएपछि देशभरका संस्थाहरूलाई तत्काल सतर्कता अपनाउन आग्रह गरेको छ।

गुगलको अधिकृत रिसेलर संरचनाबाहिर सञ्चालन गर्ने बिक्रेतामार्फत अनजानमा सदस्यता खरिद गरेका व्यवसायीहरूले अचानक सेवा अवरोध, इमेल तथा साझा ड्राइभमा पहुँच प्रतिबन्ध र गम्भीर सञ्चालन अवरोधको सामना गरिरहेका छन्। केही अवस्थामा संस्थाभित्र पूर्व जानकारी नै नभई कारबाही प्रक्रिया अघि बढेको देखिएको कम्पनीले जनाएको छ।

नेपालका लागि गुगल वर्कस्पेसको आधिकारिक सूचीबद्ध दर प्रतिप्रयोगकर्ता प्रतिमहिना अमेरिकी डलर सात रहेको कम्पनीले जानकारी दिएको छ। 'प्रतिप्रयोगकर्ता प्रतिमहिना अमेरिकी डलर सातभन्दा कम मूल्यमा उपलब्ध गराइने सदस्यतालाई गम्भीर चेतावनी संकेतका रूपमा लिनुपर्छ। यस्तो मूल्य निर्धारणले सदस्यता गुगलको स्वीकृत लाइसेन्स तथा वितरण संरचनाअन्तर्गत नहुन सक्ने संकेत गर्दछ,' कम्पनीले भनेको छ।

कम्पनीका अनुसार केही अवस्थामा शिक्षा प्रयोजनका लागिमात्र मान्य भ्मग योजनाहरू गैरशैक्षिक संस्थाहरूलाई छुट दरमा उपलब्ध गराइएको पाइएको छ। यस्तो व्यवस्था गुगलको लाइसेन्स नीतिअनुरूप नहुन सक्छ र यसले कारबाहीको जोखिम उल्लेखनीय रूपमा बढाउँछ।

'धेरै व्यवसायहरूले जानाजानी नीति उल्लंघन गरेका थिएनन्। तर नियत जस्तोसुकै भए पनि परिणाम समानरूपमा गम्भीर हुन सक्छ,' टेलि डिजिटल सर्भिसेसका व्यवसाय तथा मार्केटिङ प्रमुख निखिल खेराडीले भने, 'गुगल क्लाउडका सेवा सर्तहरूको उल्लंघन भएमा खाता निलम्बन र सम्भावित डेटा गुम्ने जोखिम उत्पन्न हुन सक्छ। एकपटक कारबाही लागू भएपछि व्यवसाय निरन्तरता तुरुन्त प्रभावित हुन सक्छ।' 'हामी नेपालका हरेक संस्थालाई आफ्नो वर्कस्पेस सदस्यता तुरुन्त परीक्षण गर्न दृढ आग्रह गर्दछौं। हाम्रो टोली तपाईंको हालको अवस्था मूल्यांकन गर्न, वैध वर्कस्पेस सदस्यतामा सहजरूपमा स्थानान्तरण गराउन र तपाईंको व्यवसायलाई यस्ता सञ्चालनसम्बन्धी जोखिमबाट जोगाउन पूर्णरूपमा सक्षम छ,' उनले थप भने।

टेलि डिजिटल सर्भिसेसले आफू नेपालमा गुगल वर्कस्पेस सदस्यता बिक्री, स्थापना तथा प्राविधिक सहयोग प्रदान गर्न आधिकारिक रूपमा प्रमाणित संस्था भएको पुष्टि गरेको छ। कम्पनीले वित्तीय सेवा, शिक्षा, स्वास्थ्य सेवा, खुद्रा व्यापार तथा व्यावसायिक सेवा क्षेत्रका ६० भन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिसकेको जानकारी दिएको छ।

# मेदान्ता बन्यो भारतको उत्कृष्ट अस्पताल




**काठमाडौं (प्रस)**– ग्लोबल हेल्थ लिमिटेडद्वारा सञ्चालित मेदांता- द मेडिसिटी, गुरुग्रामलाई न्यूजवीकको प्रतिष्ठित 'विश्वका सर्वश्रेष्ठ अस्पतालहरू २०२६' वरीयतामा भारतको नम्बर १ अस्पतालको रूपमा स्थान दिएको छ। यो स्थान स्टेटिस्टा इंकसँगको साझेदारीमा सञ्चालित छ। मेदांताले विश्वका अग्रणी अस्पतालहरूमा लगातार सातौं पटक पहिलो स्थान पाएको छ, जसले स्वास्थ्य सेवा उत्कृष्टतामा आफ्नो नेतृत्वलाई पुनः पुष्टि गर्दछ।

२०२६ को वरीयतामा भारत, अष्ट्रेलिया, क्यानडा, जर्मनी, जापान, सिंगापुर, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका लगायत ३२ देशका २,५०० बढी अस्पतालहरूको मूल्यांकन गरिएको थियो। यो मूल्यांकन हजारौं चिकित्सा विशेषज्ञहरूको सिफारिस, बिरामी अनुभव डेटा, अस्पतालको गुणस्तर मेट्रिक्स, र बिरामी-रिपोर्ट गरिएको परिणाम उपाय कार्यान्वयन सर्वेक्षणमा आधारित थियो - जसले एक व्यापक र बिरामी-केन्द्रित मूल्यांकन ढाँचा सुनिश्चित गर्दछ।

मेदांतामा, हामी हाम्रो मार्गदर्शक दर्शन 'हरएकजान अनमोल', जसको अर्थ 'हरेक जीवन अमूल्य छ', अनुरूप विश्वस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउँदै उन्नत उपचारहरूको अग्रगामी गर्ने, अत्याधुनिक प्रविधिहरू अपनाउने र परिणामहरू सुधार गर्ने निरन्तर रहेको अस्पताल प्रशासनले दाबी गरेको छ। मेदांतामा, हामी हाम्रो मार्गदर्शक दर्शन 'हरएकजान अनमोल', जसको अर्थ 'हरेक जीवन अमूल्य छ', अनुरूप विश्वस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउँदै उन्नत उपचार हरूको अग्रगामी गर्ने, अत्याधुनिक प्रविधिहरू अपनाउने र परिणामहरू सुधार गर्ने निरन्तर प्रयासरत रहेको दाबी गरिएको छ।

**सडक प्रयोग गर्दा ध्यान दिऔं**

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेख अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

**यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ